# खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना

# (WASH Master Plan)

## (२०७६/७७ – २०८०/८१)




**खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति**

**शिवपुरी गाउँपालिका, नुवाकोट, प्रदेश नं. ३**

**२०७६**

# बिषय सूची


१. परिचय ....................................................................१
१.१ पृष्ठभूमि र औचित्य ....................................................................१
१.२ उद्देश्य....................................................................२
२.३ तयारी विधी एवं प्रक्रिया ....................................................................३
२.४ सिमितता....................................................................४
२. गाउँपालिकाको संक्षिप्त परिचय ....................................................................५
३. गाउँपालिकाको सामाजिक–आर्थिक पार्श्वचित्र ....................................................................७
३.१ अवस्थिति तथा पहुँच....................................................................७
३.२ जनसांख्यिक बिबरण ....................................................................७
३.२.१ वडागत जनसंख्या....................................................................७
३.२.२ उमेर समूह अनुसारको जनसंख्या....................................................................७
३.२.३ जातिगत बिबरण....................................................................८
३.३ भू–उपयोगको विवरण....................................................................९
३.४. आर्थिक स्थिति....................................................................९
३.५. भौतिक पूर्वाधार....................................................................१०
३.६. सामाजिक पूर्वाधार ....................................................................१०
३.६.१ स्वास्थ्य सेवा ....................................................................१०
३.६.२ शिक्षा....................................................................११
३.७ संक्षिप्त सांस्कृतिक बिबरण....................................................................११
३.८ संस्थागत अवस्था....................................................................१२
३.९ स्थानीय जनशक्तिको विवरण....................................................................१२
४. खानेपानी, सरसफाइ तथा स्वच्छताको विद्यमान स्थिति ....................................................................१३
४.१ बिद्यमान जलश्रोतहरुको विश्लेषण....................................................................१३
४.१.१ जलश्रोतको बर्तमान अवस्था तथा घनत्व....................................................................१३
४.१.२ जलश्रोतको किसिम र बर्तमान अवस्था ....................................................................१३
४.२ खानेपानीको अवस्था ....................................................................१४
४.२.१ घरायसी खानेपानीको अवस्था....................................................................१४
४.२.२ संस्थागत (बिद्यालय/स्वास्थ्य संस्था) खानेपानीको अवस्था....................................................................२०
४.३. सरसफाइ तथा स्वच्छता ....................................................................२१
४.३.१. घरायसी सरसफाइ ....................................................................२१
४.३.२. संस्थागत सरसफाइ....................................................................२१
४.३.३ स्वच्छता सम्बन्धी बिद्यमान अवस्था (FGD को सारांश)....................................................................२४
४.४ खुला दिसामुक्त क्षेत्रको अवस्था....................................................................२६
५. खानेपानीको पहुँचबिहिन जनसंख्या तथा संकटासन्नता बिश्लेषण ....................................................................२७
६. खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्राथमिकीकरण ....................................................................२८
७. सरोकारवालाको भूमिका ....................................................................३०
७.१ गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC)....................................................................३०

७.१.१ सदस्यहरु तथा भूमिकाहरु ..... ३०
७.२ वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (W-WASH-CC) ..... ३१
७.२.१ सदस्यहरु तथा भूमिकाहरु ..... ३१
८. कार्य योजना ..... ३३
८.१. नयाँ खानेपानी आयोजनाहरु ..... ३३
८.२. मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु ..... ३३
८.३. पूनर्स्थापना गर्नुपर्ने खानेपानी आयोजनाहरु ..... ३४
८.४. पून:निर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरु ..... ३४
८.५. बिद्यालयमा खानेपानी आयोजनाहरु ..... ३५
८.६. क्षमता अभिबृद्धि योजना ..... ३५
८.७. खुदिमु (ODF) दीगोपनाको योजना ..... ३५
८.८. सरसफाइ तथा स्वच्छता योजना ..... ३६
९. कार्यक्रम र बजेट ..... ३७
१०. पञ्चबर्षिय बार्षिक बजेट ..... ३८
११. गुरुयोजना अनुमोदन, कार्यान्वयन, अनुगमन र अद्यावधिक ..... ३९
११.१. गुरुयोजनाको अनुमोदन र पैरबी ..... ३९
११.२. गुरुयोजनाको कार्यान्वयन ..... ३९
११.३. गुरुयोजनाको अनुगमन ..... ४०
११.४. गुरुयोजनाको समीक्षा र अद्यावधिक ..... ४०
१२. चुनौती र अवसर ..... ४१
१३. निश्कर्ष र आगामी कदम ..... ४३
१४. अनुसूची ..... ४५

## तालिकाहरु


तालिका १ : गाँउपालिकाको गठन र समावेश साविक गाविसहरु.....................................................५
तालिका २ : शिवपुरी गाउँपालिकाको जनसंख्याको विबरण ......................................................७
तालिका ३ : उमेर समूहको आधारमा जनसंख्याको विवरण ...................................................... ८
तालिका ४ : गाउँपालिकाको जातिगत बिबरण .............................................................................. ८
तालिका ५ : भू-उपयोगको विबरण .................................................................................................९
तालिका ६ : प्रमुख आर्थिक क्रियाकलाप/परिवारको आम्दानीका स्रोतहरू.......................................९
तालिका ७ : खाद्य आत्म निर्भरताको अवस्था...............................................................................१०
तालिका ९ : जलश्रोतको बर्तमान अवस्था तथा पानीको बहाव......................................................१३
तालिका १० : जलश्रोतको किसिम र बर्तमान अवस्था ................................................................१४
तालिका ११ : बिद्यमान सुधारिएको खानेपानी प्रणालीको पहुँचको अवस्था....................................१४
तालिका १२ : खानेपानी आयोजनाहरुको प्रबिधि अनुसार बर्गीकरण .............................................१५
तालिका १३ : खानेपानी आयोजनाहरुको सञ्चालन स्थिति ...........................................................१६
तालिका १४ : खानेपानी आयोजनाहरुको सञ्चालन स्थिति ...........................................................१६
तालिका १५ : खानेपानी आयोजनाहरुको मर्मत/पुनःस्थापना/पूनर्निर्माणको स्थिति........................१७
तालिका १६ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (समिति दर्ता र महिला सदस्य)..............१७
तालिका १७ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (समिति बैठक र भवन)........................१८
तालिका १८ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (बैंक खाता र आयब्यय).......................१८
तालिका १९ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (नबिकरण र लेखापरिक्षण)....................१९
तालिका २० : बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भारको अवस्था (कोष र कार्यकर्ता)....................१९
तालिका २१ : बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भारको अवस्था (पारिश्रमिक र जगेडा औजार)...... २०
तालिका २२ : संस्थागत खानेपानी आयोजनाहरुको अवस्था............................................................. २०
तालिका २३ : घरायसी चर्पी निर्माणको अवस्था .............................................................................२१
तालिका २४ : बिद्यालय चर्पी निर्माणको अवस्था.............................................................................२१
तालिका २५ : बिद्यालय चर्पीमा छात्र र छात्राको चर्पीको अवस्था.....................................................२२
तालिका २६ : स्वास्थ्य संस्थाको चर्पीको तथा अन्य सुबिधाको अवस्था..............................................२२
तालिका २७ : संकटासन्न जनसंख्याको बिबरण...............................................................................२७
तालिका २८ : संकटासन्न जनसंख्याको बिबरण (जातिगत)..............................................................२७
तालिका २९ : बिद्यमान आयोजनाहरुको संकटासन्नताको अवस्था र प्राथमिकताक्रम ......................... २८
तालिका ३० : लाभान्वित घरधुरी र जनसख्याको बिबरण ................................................................ २९


## चित्रहरु


चित्र नं. १ : नुवाकोट जिल्लाको नक्शा ..........................................................................५
चित्र नं. २ : शिवुरी गाउँपालिकाको नक्शा ..........................................................................५
चित्र नं. ३ : जनसंख्याको विबरण ..........................................................................७
चित्र नं. ४ : जातिगत विबरण .......................................................................... ८
चित्र नं. ५ : भू–उपयोगको बिबरण ..........................................................................९

# १. परिचय

## १.१ पृष्ठभूमि र औचित्य

नेपालको संविधान २०७२ ले आधारभूत स्तरको खानेपानी र सरसफाइ सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हाल नेपालको संविधान २०७२ अन्तर्गत तीनै तहको निर्वाचन पश्चात स्थानीय सरकार समेत गठन भई संघीयता कार्यान्वयन भई सकेको स्थिति छ । नेपालको संविधानले खानेपानी तथा सरसफाइको पहुँचको हकलाई मौलिक हकको रुपमा अभिलेखित गरेको तथा नेपालको संविधानले तीनै तहको एकल तथा साझा अधिकारको रुपमा खानेपानी तथा सरसफाइ सेवा रहने व्यवस्था गरेको छ । सबै नागरिकलाई खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्तता प्रदान गर्नु यस क्षेत्रको प्रमुख दायित्व हो । हालका दिनमा सरसफाइको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधार स्तम्भको रुपमा विस्तारित भई खानेपानी, सरसफाइ तथा स्वच्छतालाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा स्विकार्न थालिएको छ ।

एकिकृत जलश्रोत व्यबस्थापनका डब्लिन सिद्धान्तको प्रतिपादनको लगतै पश्चात संयुक्त राष्ट्र संघले खानेपानी तथा सरसफाइमा पहुँचलाई आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको थियो । यद्दपि, यसलाई पानीको लागि शुल्क तिर्नु पर्दैन भनी अर्थ्याउनु हुँदैन, तर यस अबस्थामा आधारभूत आवश्यकता पुर्तिका लागि आपूर्ति गरिने पानीको मूल्य आर्थिक रुपमा बहन गर्न सक्ने हुनु पर्दछ । नेपालको संबिधानले पनि यस अवधारणालाई आत्मसात गरेको छ ।

नेपाल पक्ष राष्ट्र रहेको दीगो विकास लक्ष्य २०३० को दीगो विकास लक्ष्य–६ ले "सबैका लागि सरसफाइ तथा स्वच्छ खानेपानीको उपलब्धता र दीगो व्यवस्थापनको प्रत्याभूति गर्ने" उद्देश्य लिएको छ । यसका साथै नेपाल सरकारको आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमले आगामी बर्ष ९२ प्रतिशत नागरिकलाई आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध गराउने, शतप्रतिशत नागरिकलाई आधारभूत स्तरको सरसफाइ सुविधा उपलब्ध गराउने तथा खानेपानी सेवाको गुणस्तर अभिबृद्धि गदै जाने लक्ष्य राखेकोले बार्षिक बजेट तथा कार्यक्रम पनि सोही दिशा उन्मुख रहेको छ । सोही अनुरुप नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/१० को निर्णय अनुसार स्थानीय तहबाट कार्यान्वयनमा ल्याईने खानेपानी तथा सरसफाइ आयोजनाहरुको संशोधित बर्गीकरण निम्न अनुसार छन् :

- आधारभूत खानेपानी आयोजना,
- तराई मधेशमा ५ हजार, पहाडमा ३ हजार र हिमालमा ५ सय सम्मको जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना,
- खानेपानीको वितरण तथा अनुगमन,
- सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि,
- ग्रामिण खानेपानी तथा सरसफाइ र फोहरमैला व्यवस्थापन

आधारभूत खानेपानी तथा सरसफाइ सम्पूर्ण नागरिकको न्युनतम आवश्यकता र अधिकारको रुपमा स्विकार गर्दै नेपाल सरकारले तय गरेको सन् २०१९ सम्ममा सम्पूर्ण नेपालीलाई आधारभूत खानेपानी र सरसफाइ सुबिधामा पहुँच पुऱ्याउने राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ, जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता

योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई अभिबृद्धि गरी नेपाल सरकारको लक्ष्य पुरा गर्न सहयोग गर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारहरु अनुसार खानेपानी योजनाको तर्जुमा, कार्यान्वयन, नियमन, महसुल निर्धारण तथा स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड निर्माणको साथै सो को कार्यान्वयन र नियमन गर्ने आदि रहेका छन् । यस अनुसार स्थानीय निकायहरु खानेपानी र सरसफाइ सेवाका लागि पूर्ण रुपमा उत्तरदायी छन् ।

शिवप'री गाउँपालिकामा २०७२ को महाभूकम्पबाट धेरै प्रभावित क्षेत्रहरूमध्ये खानेपानी तथा सरसफाइ पनि एक प्रमुख क्षेत्र हो । भूकम्प पश्चात् विद्यमान विभिन्न खानेपानी आयोजनाहरूमा क्षति पुगे जसले गर्दा खानेपानी आपूर्ति प्रणाली अवरुद्ध हुन गयो । कैयौं घरहरुसंगै घरायसी शौचालयहरुमा पनि क्षति पुगे । यी विभिन्न समस्याहरू पश्चात् सरकारी तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा निजी क्षेत्र र समुदायबाट समेत खानेपानी आपूर्ति प्रणाली सुचारु गर्न क्षतिग्रस्त खानेपानी संरचनाहरूको मर्मत संभार, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि काम भएका छन् । तैपनि सम्पूर्ण क्षतिग्रस्त खानेपानी आयोजनाहरू पूर्ण रुपमा सामान्य अवस्थामा आउन अझै बाँकि नै छन् । अन्तमा सम्पूर्ण जनताहरुलाई संविधान प्रदत्त र नेपाल सरकारको लक्ष्य अनुरुप आधारभूत स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपलब्ध गराउने जिम्मेवारी अन्तर्गत **"पूर्णिमा : भूकम्प पश्चातको पुनःर्लाभमा वेलायती सहयोग नियोगको सहयोग"** तथा यसका बिषयगत क्षेत्रहरु **"Build Back Better (BBB)"** तथा **"Leave No-One Behind (LNOB)"** अनुरुप सञ्चालित भूकम्पबाट अधिक प्रभावित चार जिल्लाका गाउँपालिकाहरुमध्ये शिवपुरी गाउँपालिकाको लागि यो गुरुयोजनाको निर्माण गरिएको हो ।

## १.२ उद्देश्य

गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको उद्देश्य संविधान प्रदत्त नेपाल सरकारको लक्ष्य तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्य अनुरुप स्थानीय स्तरमा सम्पूर्ण जनताहरुलाई स्वच्छ र सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा र सुविधा प्रदान गर्ने आधारशिला तयार गर्नु हो । यस गुरुयोजनाको आधारमा आफ्नो समुदायभित्र र समुदाय-समुदायका बीचमा जलश्रोतको सही उपयोग, समानुपातिक वितरण/बाँडफाँड मार्फत दीगो रुपमा खानेपानी तथा सरसफाइको सवालमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान हुनुको साथै उक्त स्रोतहरुको औचित्यपूर्ण, समतामूलक र दीगो एकिकृत योजना निर्माण गर्न सहयोग पुग्दछ ।

गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाका अन्य उद्देश्यहरु निम्न वमोजिम रहेका छन् :

- ❖ गाउँपालिकाभित्रका विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छतासंग सम्वन्धित तथ्याँकहरु संकलन गरी अध्यावधिक गर्ने र सो को आधारमा आवश्यक कार्यक्रम र क्रियाकलापहरुको पहिचान र प्राथमिकताक्रम निर्धारण गर्ने,
- ❖ कार्यक्रम कार्यान्वयनको लागि लागत-सहभागिताको प्रक्रियाको आधारमा संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने,
- ❖ सहभागितामूलक योजना प्रक्रियाका माध्यमबाट समतामुलक, समावेशीकरण र दीगोपना सुनिश्चित गरी गरिब, पिछडिएका र अन्य वञ्चित समुहहरुको खानेपानी, सरसफाइ र अन्य स्वस्थकर बानी व्यवहारको लागि आवश्यक सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने

- ❖ यस गुरुयोजनालाई अन्तर–सम्बन्धित विषयको रुपमा अन्य विकासका योजनाहरुमा पनि समावेश गर्ने तथा यसको सफलतापूर्वक कार्यान्वयन गर्न अन्य आवश्यक उपायहरु समेत अबलम्बन गर्ने ।

## २.३ तयारी विधी एवं प्रक्रिया

शिवपुरी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयारीको लागि तपशिल बमोजिमको ३ तहमा बिभाजन गरिएको थियो :

(क) **पूर्व तयारी चरण** : यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिए :

- डेस्क अध्ययन तथा प्रश्नावली तयारी
- कार्यदल गठन
- गाउँपालिका स्तरीय कार्यशाला सञ्चालन
- समन्वय समिति गठन

(ख) **स्थलगत सर्भेक्षण** : यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिए :

- स्थलगत तथ्याँक संकलन
- पूर्व सम्भाब्यता अध्ययन
- तथ्याँक बिश्लेषण
- प्राथमिकता निर्धारणको लागि गाउँपालिका स्तरीय कार्यशाला

(ग) **गुरुयोजना तयारी** : यस अन्तर्गत तपसिलका क्रियाकलापहरु सम्पन्न गरिएका थिए :

- गुरुयोजनाको मस्यौदा तयारी
- मस्यौदा गुरुयोजनाको छलफल र अनुमोदनार्थ गाउँपालिका स्तरीय कार्यशाला
- अन्तिम गुरुयोजनाको तयारी

खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना तयारी तपशिल बमोजिम संक्षेपीकरण गर्न सकिन्छ :

| | |
|---|---|
| **चरण ८** | **अन्तिम गरुयोजनाको तयारी** |
| **चरण ७** | **मस्यौदा गुरुयोजनाको छलफल र अनुमोदनार्थ गाउँपालिका स्तरीय कार्यशाला** |
| **चरण ६** | **गुरुयोजनाको मस्यौदा तयारी** |
| **चरण ५** | **प्राथमिकता निर्धारणको लागि गाउँपालिका स्तरीय कार्यशाला** |
| **चरण ४** | **तथ्यांक बिश्लेषण** |
| **चरण ३** | **फिल्ड सर्भेक्षण तथा तथ्यांक संकलन** |
| **चरण २** | **गाउँपालिका स्तरीय कार्यशाला** |
| **चरण १** | **डेस्क अध्ययन/प्रारम्भिक प्रतिवेदन तयारी** |

## २.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना गाउँपालिकाको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमितताहरु रहनेछन् । यस गुरुयोजनाको स्वामित्व, कार्यान्वयन तथा अनुगमनका लागि शिवपुरी गाउँपालिकाको जिम्मेवारी हो । यस गुरुयोजनाको आधारमा कतिपय आयोजनाहरु सहज तरिकाले कार्यान्वयनमा ल्याउने सकिने हुन्छन् भने कतिपय आयोजनाहरु आर्थिक स्रोत, मानवीय स्रोत र अन्य प्राविधिक कठिनाईका कारणले कार्यान्वयन गर्न कठिन हुन सक्छ । संभावित सिमितताहरुलाई मध्यनजर राख्दै खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार परिवर्तनमा सकारात्मक रुपमा सफलता हासिल गर्नका लागि गाउँपालिका, सरोकारवाला संघसंस्थाहरु सबैसँग सम्बन्ध, समन्वय र सहकार्य गर्दै स्थानीय स्रोत साधन पहिचान र परिचालन गर्न सकेमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रको दीगो विकासमा सहयोग पुग्नेछ र सिमितताहरुलाई न्यून गर्न सकिने हुन्छ । गुरुयोजनाको कार्यान्वयन गाउँपालिकाले गर्ने हुंदा यसको आर्थिक, प्राबिधिक र अन्य क्षमतालाई समेत बिचार गरी यस गुरुयोजनाले ठूला र बृहत आयोजना भन्दा स्थानीय आवश्यकता अनुसारको साना खालका आयोजनाहरुमा ध्यान केन्द्रित गर्नु मनासिव हुन्छ ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय


नेपालको संविधान २०७२ तथा संघीय संरचना अनुसार ७ प्रदेश मध्ये प्रदेश नं ३ अन्तर्गत रहेको नुवाकोट जिल्लामा १० वटा गाउँपालिका तथा २ वटा नगरपालिका गरी १२ वटा स्थानीय तहको व्यवस्था गरिएको छ। साविकका ८ वटा गाउँ विकास समितिहरु (छाप, लिखु, महाकाली, तलाखु, सिक्रे, समुन्द्रादेवी, सुनखानी र थानापति) मिलाएर शिवपुरी गाउँपालिकाको गठन गरिएको छ । यसको कुल क्षेत्रफल १०१.५१ वर्ग किमी रहेको छ।




**चित्र नं. १ : नुवाकोट जिल्लाको नक्शा**

यस गाउँपालिकाको पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा पञ्चकन्या, लिखु र ककनी गाउँपालिका, उत्तरमा पञ्चकन्या र दुप्चेश्वर गाउँपालिका र दक्षिणमा शिवपुरी राष्ट्रिय निकुञ्ज रहेको छ। शिवपुरी राष्ट्रिय निकुञ्जसँग जोडिएको गाउँपालिका भएको हुनाले यस गाउँपालिकाको नाम शिवपुरी गाउँपालिका राखिएको हो। यो गाउँपालिका मुख्यतया तामाङ्गहरुको वस्ती भएको क्षेत्र हो। नुवाकोटको सबैभन्दा अग्लो झरना छहरे खोलाको झरना यसै गाउँपालिकामा पर्दछ भने प्रसिद्ध थानापती मन्दिर पनि यस गाउँपालिकाको अर्को महत्वपूर्ण गन्तव्य स्थल हो।

साविकको तलाखु, छाप, लिखु, सिक्रे, समुन्ददेवी, सुनखानी र थानापती गाविसको वडाहरुलाई समायोजन गरेर शिवपुरी गाउँपालिकाको गठन गरिएको हो। साबिक थानापति गाविसको वडा नं ५ बाहेक सबै गाविसहरुको सम्पूर्ण वडाहरु शिवपुरी गाउँपालिकामा समेटिएको छ। साविक महाकाली गाविसको कार्यालयलाई यस गाउँपालिकाको कार्यालयको रुपमा सञ्चालन गरिएको छ, जुन हालको संरचना अनुसार वडा नं ५ मा रहेको छ। यस गाउँपालिकामा समाहित भएका साविकको गाविसबाट बनेका वडाहरू तथा नयाँ संरचना अनुसार कायम भएका वडाहरू तथा ती वडाहरू रहेको स्थान सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ :




**चित्र नं. २ : शिवपुरी गाउँपालिकाको नक्शा**

**तालिका १ : गाँउपालिकाको गठन र समावेश साविक गाविसहरु**

| हालको वडा नं | समावेश भएका साविक गाविसहरु | साविक वडा नं. | वडा कार्यालय रहेको स्थान | क्षेत्रफल (बर्ग कि.मी.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तलाखु | १–९ | तलाखु | २०.३५ | |
| २ | छाप | १–९ | छाप | ९.७३ | |
| ३ | लिखु | १–९ | लिखु | १२.०९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सिक्रे | १–९ | सिक्रे | ८.२२ | |
| ५ | महाकाली | १–९ | सेराबगर | १६.५२ | |
| ६ | समुन्द्रादेवी | १–९ | समुन्द्रादेवी | १२.०६ | |
| ७ | सुनखानी | १–९ | सुनखानी | १०.४० | |
| ८ | थानापति | १–४, ६–९ | थानापति | १२.१४ | |
| जम्मा | | | | १०१.५१ | |

**स्रोतः जि.स.स., नुवाकोट**

# ३. गाउँपालिकाको सामाजिक–आर्थिक पार्श्वचित्र

## ३.१ अवस्थिति तथा पहुँच

भौगोलिक रुपमा शिवपुरी गाउँपालिका २७⁰ ४८' ३२" देखि २७⁰ ५३' २९" उत्तरी अक्षांशसम्म र ८५⁰ १८' ११" देखि ८५⁰ २४' ५१" पूर्वी देशान्तरसम्म फैलिएको छ । यस गाउँपालिका समुद्री सतहबाट ६२० मिटरदेखि २५२१ मिटरको उचाईसम्म फैलिएको छ । यस गाउँपालिकाको कार्यालय हालको वडा ६ मा अवस्थित साविकको समुन्द्रटार गाविस कार्यालय रहेको स्थानमा छ । नुवाकोट जिल्लाको मुख्य शहर विदुर नगरपालिका देखि शिवपुरी गाउँपालिकाको कार्यालय रहेको स्थान ३० किमीको दुरीमा पर्दछ भने काठमाण्डौ ४० किमि रहेको छ । शिवपुरीबाट विदुरसम्म पुग्नको लागि प्रयोग गरिने मुख्य सडक मध्यपहाडी लोकमार्ग हो । यस गाउँपालिका भित्रको मुख्य बजार क्षेत्रहरु छहरे, सत्तरी, चिसोपानी, गुर्जे र थानापती हुन् । यस गाउँपालिकामा रहेका मुख्य सडकहरु ठाडोखोला–हिले  कार्तिके, काउले–खान्डाँडा र जिंगटे–डुपिटार हुन् । यस गाउँपालिकाको केन्द्रबाट वडा केन्द्रहरुमा पुग्नको लागि कच्ची बाटोहरुको व्यवस्था भएपनि सबै बाटोहरु मौसमी प्रकृतिका नै छन् । गाउँपालिकाको कार्यालय देखि नजिकको वडाको रुपमा वडा नं. ५ (महाकाली क्षेत्र) रहेको छ भने सबै भन्दा टाढा वडा नं. १ (तलाखु क्षेत्र) र वडा नं. २ (छाप क्षेत्र) हुन् ।

## ३.२ जनसांख्यिक बिबरण


### ३.२.१ वडागत जनसंख्या

शिवपुरी गाउँपालिकाले तयार गरेको पार्श्वचित्र (वस्तुगत विवरण), २०७६ अनुसार यस गाउँपालिकामा कुल घरसंख्या ५८१५ तथा कूल जनसंख्या ३०४९० रहेको छ । यसमध्ये महिला १५०१४ (४९.२४%), पुरुष १५४७६ (५०.७६%) रहेको छ । यस गाउँपालिकामा सबैभन्दा बढी जनसंख्या वडा नं १ मा ४७८० रहेको छ भने सबैभन्दा कम वडा नं ४ मा २८५९ रहेको छ ।

**तालिका २ : शिवपुरी गाउँपालिकाको जनसंख्याको विबरण**

| वडा नं. | घर संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | कूल |
| १ | ८५७ | २३९३ | २३८७ | ४७८० |
| २ | ५८२ | १४४२ | १४८० | २९२२ |
| ३ | ७९८ | २१४४ | २१२९ | ४२७३ |
| ४ | ५४३ | १४१० | १४४९ | २८५९ |
| ५ | ९४३ | २१४७ | २२७४ | ४४२१ |
| ६ | ७६१ | १९४८ | १९८० | ३९२८ |
| ७ | ६१४ | १७०१ | १८४८ | ३५४९ |
| ८ | ७१७ | १८२९ | १९२९ | ३७५८ |
| **कूल** | **५८१५** | **१५०१४** | **१५४७६** | **३०४९०** |

श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६




**चित्र नं. ३ : जनसंख्याको विबरण**

### ३.२.२ उमेर समूह अनुसारको जनसंख्या

यस गाउँपालिकाको जनसङ्ख्याको उमेरगत संरचनालाई ७ वटा उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा २० देखि ४० वर्ष उमेर समूहमा कुल जनसङ्ख्याको सर्वाधिक अंश रहेको देखिन्छ । यो उमेर समूहमा कुल जनसङ्ख्याको ४०.८७ प्रतिशत हिस्सा रहेको देखिन्छ । यसलाई १८.६७ प्रतिशत

जनसङ्ख्यासहित ४१ देखि ६४ वर्ष उमेर समूहले पछ्याएको छ । पुरूषको हकमा कुल पुरूष जनसङ्ख्याको सबैभन्दा धेरै र महिलातर्फ पनि कुल महिलाको सबैभन्दा धेरै २० देखि ४० वर्ष उमेर समूहकै रहेको देखिन्छ । उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको यस क्षेत्रमा सत्तरी वर्ष भन्दा माथिल्लो उमेर समूहमा सबै भन्दा कम जनसंख्या ११८९ जना रहेको छ। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : उमेर समूहको आधारमा जनसंख्याको विवरण**

| उमेर समूह वर्षमा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०–५ | १२२२ | ८.१४ | १३२९ | ८.५९ | २५५१ | ८.३७ |
| ६–१३ | २०८१ | १३.८६ | २२०५ | १४.२५ | ४२८६ | १४.१ |
| १४–१९ | १८१६ | १२.१० | १८२४ | ११.७९ | ३६४० | ११.९ |
| २०–४० | ६०३३ | ४०.१८ | ६४३० | ४१.५५ | १२४६३ | ४०.९ |
| ४१–६४ | २५७२ | १७.१३ | २५७० | १६.६१ | ५१४२ | १६.९ |
| ६५–६९ | ६५९ | ४.३९ | ५६० | ३.६२ | १२१९ | ४ |
| ७० देखि माथि | ६३१ | ४.२० | ५५८ | ३.६१ | ११८९ | ३.९ |
| **जम्मा** | **१५०१४** | **१००** | **१५४७६** | **१००** | **३०४९०** | **१००** |

श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६


## ३.२.३ जातिगत बिबरण

यस गाउँपालिकामा भएको कूल ५८१५ घरधुरी तथा ३०४९० जनसंख्याको जातिय संरचना अनुसार ६९ प्रतिशत जनजाति भएको पाइन्छ। अधिकांशः तामाङ्ग तथा अन्य जनजातिहरुमा गुरुङ, नेवार, मगर, भुजेल, घर्ती, चेपाङ्ग जातिको बसोवास रहेको छ। यसबाहेक ब्राह्मण, क्षेत्री, दलित तथा अन्य जनसंख्या रहेका छन् । यससम्बन्धी थप विवरण देहायअनुसार रहेको छ ।

**तालिका ४ : गाउँपालिकाको जातिगत बिबरण**

| सि. न. | जातिगत बिबरण | ज्न संख्या | % |
|---|---|---|---|
| १ | तामाङ्ग | १७३८६ | ५७.०२ |
| २ | क्षेत्री | ४१९२ | १३.७५ |
| ३ | ब्राम्हण | ३६११ | ११.८४ |
| ४ | गुरुङ्ग | १६८७ | ५.५३ |
| ५ | नेवार | १६६५ | ५.४६ |
| ६ | कामी | ६९३ | २.२७ |
| ७ | दमाई | ५६२ | १.८४ |
| ८ | मगर | ३५४ | १.१६ |
| ९ | सार्की | २०५ | ०.६७ |
| १० | अन्य | १३५ | ०.४४ |
| | **जम्मा** | **३०४९०** | **१००** |

श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६




**चित्र नं. ४ : जातिगत विवरण**


## ३.३ भू–उपयोगको विवरण

भौगोलिक रुपमा यस गाउँपालिकामा लेक, बेशी, पहाड भू–बनोटको विविधता पाईन्छ । यस गाउँपालिकाको कुल भू–भाग को ४७.३० प्रतिशत भु–भाग १५ डिग्री देखि ३० डिग्री भिरालो रहेको छ, भने ५ डिग्री देखि कम भिरालो रहेको भु–भाग जम्मा २.१३ प्रतिशत रहेको छ । यस गाउँपालिकामा कृषि योग्य जमिन प्रशस्त मात्रामा रहेको छ । गाउँपालिकाको कुल भू–भागको ६६.५८ प्रतिशत कृषियोग्य जमिन र १७.४३ प्रतिशत वनजगंल रहेको छ । त्यसपछिको भाग पानी तथा चट्टानको भाग रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको मुख्य कृषियोग्य फाँट सत्तरीफाँट हो र मुख्य उत्पादन धान र आलु हो । यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ५ : भू-उपयोगको विबरण**

| क्र. स. | भू-उपयोग | क्षेत्रफल (ब.कि.मी) | प्रतिशत |
|---|---|---|---|
| १ | बन जगंलले ढाकेको जमिन | १७.७४ | १७.४३ |
| २ | कृषि योग्य जमिन | ६७.७७ | ६६.५८ |
| ३ | पानीले ढाकेको भाग | ०.२३ | ०.२३ |
| ४ | चट्टानको भाग | ०.१४ | ०.१४ |
| ५ | अन्य | १५.९१ | १५.६३ |
| | **जम्मा** | **१०१.७९** | **१००.००** |

**स्रोतः स्थलरुप नक्सा, नापी विभाग**




**चित्र नं. ५ : भू-उपयोगको बिबरण**

## ३.४. आर्थिक स्थिति

यस गाउँपालिकाको मानिसहरुको मुख्य पेशा कृषि भएकोले यहाँका मानिसहरुको जीविकोपार्जनको मुख्य आधार पनि कृषि नै हो । उद्योग धन्दाको खासै विकास भइ नसकेको यस गाउँपालिकामा हालसम्म जम्मा २ वटा फर्निचर उद्योग र ४ वटा पानीघट्ट पनि सञ्चालनमा छन् । यस गाउँपालिकाको कूल ५८१५ घरपरिवार मध्ये सबैभन्दा उच्च संख्यामा ४४८३ वा ७७.०९ प्रतिशत घरपरिवार कृषि पेशालाई मुख्य पेशाका रुपमा अवलम्बन गरेको देखिन्छ भने दोस्रो अधिक घरपरिवार संलग्न पेशा सरकारी जागिर ९.५९ प्रतिशत रहेको छ । यस तथ्यले कृषि क्षेत्रमा धेरै परिवारको संलग्नता तथा निर्भरतालाई जनाउँछ । उद्योग, व्यापार, वैदेशिक रोजगारीलाई मुख्य पेशाका रुपमा अवलम्बन गर्ने घरपरिवार संख्या ४६, २२० र ३६१ रहेको देखिन्छ । यस सम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ : प्रमुख आर्थिक क्रियाकलाप/परिवारको आम्दानीका स्रोतहरू**

| क्र. स. | मुख्य पेशा | घरसंख्या | प्रतिशत | क्र. स. | मुख्य पेशा | घरसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि | ४४८३ | ७७.०९ | ५ | ज्याला मजदुरी | ३१ | ०.५३ |
| २ | उद्योग | ४६ | ०.७९ | ६ | बैदेशिक रोजगारी | ३६१ | ६.२० |
| ३ | गैरसरकारी जागीर | ११६ | १.९९ | ७ | सरकारी जागिर | ५५८ | ९.५९ |
| ४ | व्यापार | २२० | ३.७८ | | **जम्मा** | **५८१५** | **१००.००** |

**श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६**

शिवपुरी गाउँपालिका भित्र एउटा वाणिज्य बैक र १६ वटा सहकारी संस्था रहेका छन् । वडा नं. ५ को शेरावगरमा अवस्थित सानिमा बैंक वाणिज्य बैंकका रुपमा रहेको छ । बैंकको वार्षिक कारोवारको

अवस्था हेर्दा १ अर्व वरावरको कारोवार मध्ये ५ करोड बरावरको लगानी रहेको छ । सहकारीहरुले वार्षिक रुपमा ४ करोड बरावरको वार्षिक कारोवार गर्ने गरेको देखिन्छ ।

यस गाउँपालिकाको समग्र खाद्यान्नमा आत्मनिर्भरताको अवस्था कमजोर रहेको देखिन्छ । कुल घरपरिवारको ९.०३ प्रतिशत घरपरिवारमा मात्र आफ्नो उत्पादनले बाह्रै महिना खान पुग्ने रहेको छ । तीन महिना सम्म आफ्नै उत्पादनले खान पुग्ने २२.८५, तीन देखि ६ महिनासम्म खान पुग्ने, ६ महिना देखि १ वर्ष सम्म पुग्ने ३०.५९ घरपरिवार रहको छ । वडागत रुपमा खाद्य आत्मनिर्भरताको अवस्थालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : खाद्य आत्म निर्भरताको अवस्था**

| वडा | खाद्य आत्म निर्भरताको आधारमा घरपरिवार संख्या | | | | जम्मा घरसंख्या |
|---|---|---|---|---|---|
| | ३ महिना सम्म खान पुग्ने | ३-६ महिनासम्म | ६ महिना-१ वर्ष सम्म | १ वर्ष भन्दा बढी | |
| १ | १२२ | ५०९ | २०१ | २५ | ८५७ |
| २ | ९८.५ | २०२.५ | १०८ | १७३ | ५८२ |
| ३ | १८०.५ | २७५.५ | २१८ | १२४ | ७९८ |
| ४ | १९१.५ | १८४.५ | ११६ | ५१ | ५४३ |
| ५ | १४९ | ३०० | ४५० | ४४ | ९४३ |
| ६ | २३७.५ | २४४.५ | २६१ | १८ | ७६१ |
| ७ | २१८.५ | १९९.५ | १७८ | १८ | ६१४ |
| ८ | १३१.५ | २६६.५ | २४७ | ७२ | ७१७ |
| **जम्मा** | **१३२९** | **२१८२** | **१७७९** | **५२५** | **५८१५** |
| **प्रतिशत** | **२२.८५** | **३७.५२** | **३०.५९** | **९.०३** | **१००.००** |

**श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६**

## ३.५. भौतिक पूर्वाधार

यस गाउँपालिकामा पूर्वाधार विकास क्षेत्र अन्तरगत रहेका विद्युत तथा वैकल्पिक उर्जा, सडक तथा यातायात, आवास, भवन तथा शहरी विकास र सूचना तथा सञ्चार आदि समेटिएका् छ । कूल घरपरिवार मध्ये ९७.७ प्रतिशत घरपरिवारमा विद्युत सेवा र २० प्रतिशत घरहरुमा सुधारिएको चुलो प्रयोगमा रहेको छ । स्यारी भूमि माइक्रो हाइड्रो २३ कि.वा. सञ्चालनमा रहेको छ । यस गाउँपालिकाको वडा नं. १, ३, ४, ५, ७ र ८ भएर २४ कि.मी सडक खण्ड मध्यपहाडी लोकमार्ग गएको छ । यस गाउँपालिकाको बिभिन्न स्थानहरुमा पक्की पूल १३ स्थानमा, झोलुङ्गे पुल ३२ वटा रहेको तथा सबै वडाहरुमा बाटोको सुविधा पुगेको छ । यस गाउँपालिका क्षेत्रभित्र २२ कि.मी. कालोपत्रे ३१३ कि.मी. कच्ची सडक रहेको छ । यहाँबाट जिल्ला सदरमुकाम बिदुर र काठमाडौंको लागि यातायातको सुबिधा रहेको छ । सञ्चार सेवाको सन्दर्भमा यस गाउँपालिकामा नेपाल टेलिकम र एनसेलको सेवा टेलिफोन, मोबाईल, ईन्टरनेट सेवा र पत्रपत्रिकाहरु उपलब्ध छ । यस गाउँपालिकामा गजबको रेडियो १०५.७ मेगाहर्ज एफ एम रेडियो समेत सञ्चालनमा रहको छ ।

## ३.६. सामाजिक पूर्वाधार

### ३.६.१ स्वास्थ्य सेवा

गाउँपालिका क्षेत्रमा दुई वटा ग्रामीण सामुदायिक स्वास्थ्य इकाई र ८ वटा स्वास्थ्य चौकी गरी कूल १० वटा स्वास्थ्य संस्था रहेका छन् । वडा नं. १ मा रहेको तलाखु स्वास्थ्य चौकी, वडा नं. ३ मा रहेको सल्ले मैदान स्वास्थ्य चौकी, वडा नं. वडा नं. ७ मा रहेको सुनखानी स्वास्थ्य चौकी र वडा नं. ८ मा रहेको थानापती स्वास्थ्य चौकीमा मात्र प्रसुति सेवा उपलब्ध रहेको छ । ल्याव तथा एक्सरे सेवा वडा

नं. ३ मा रहेको सल्ले मैदान स्वास्थ्य चौकी, वडा नं. वडा नं. ७ मा रहेको सुनखानी स्वास्थ्य चौकी र वडा नं. ८ मा रहेको थानापती स्वास्थ्य चौकीमा मात्र उपलब्ध रहेको देखिन्छ । सबै स्वास्थ्य संस्थामा खोप सेवा तथा परिवार नियोजन सेवा उपलब्ध रहेको देखिन्छ । सबै स्वास्थ्य संस्थामा पोषण, सुरक्षित मातृत्व, स्वास्थ्य शिक्षण र परामर्श सेवा उपलब्ध रहेको छ भने रक्त सञ्चार, आँखा उपचार र फार्मेसी सेवा कुनै पनि स्वास्थ संस्थामा उपलब्ध रहेको छैन । यस गाउँपालिकाभित्र देखा परेका रोगहरु मध्ये सबैभन्दा उच्च संख्यामा ग्यास्ट्रिक वा अल्सर रहेको छ भने त्यसपछि क्रमश: टाउको दुख्ने, पिसाव सम्बन्धी रोग, झाडा पखाला, ज्वरो, दमको रोगीहरु, कब्जियत आदि रहेका छन् ।

### ३.६.२ शिक्षा

यस गाउँपालिकाको कूल जनसंख्या मध्ये औसत साक्षरता दर ६७.०२% रहेको छ । यस गाउँपालिकामा कूल ४२ विद्यालय रहेकोमा १० माध्यमिक र ३२ आधारभूत तहका विद्यालयहरु रहेका छन् । तथापि, संस्थागत लगायत अन्य प्रकारका विद्यालय यस क्षेत्रमा रहेका छैनन् । वडागत रुपमा विद्यालयको संख्या हेर्दा सबैभन्दा उच्च संख्यामा वडा नं ५ मा १ माध्यमिक विद्यालय र १० आधारभूत विद्यालय गरी कूल ११ वटा विद्यालयहरु रहेका छन् भने सबैभन्दा न्यून संख्यामा वडा नं. ४ मा २ वटा मात्र विद्यालय रहेको देखिन्छ । घरपरिवार सर्वेक्षण २०७५ अनुसार यस क्षेत्रका ५ वर्षदेखि १५ वर्षसम्मका बालबालिकाको साक्षरता दर ९६% भन्दा माथि रहेको छ भने करिव ९५% बालबालिकाहरु शिक्षाको पँहुचमा रहेका छन् । यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ ।

**तालिका ८ : शैक्षिक संस्थाहरु र विद्यार्थीको विवरण**

| वडा | प्राथमिक/ आधारभूत | विद्यार्थी संख्या | | माध्यमिक/ उच्च मा.बि. | विद्यार्थी संख्या | | जम्मा विद्यालय संख्या | विद्यार्थी संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | छात्र | छात्रा | | छात्र | छात्रा |
| १ | ३ | ६८ | २४५ | १ | १२८ | १७९ | ४ | १९६ | ४२४ |
| २ | ३ | ३० | ४१ | ० | ० | ० | ३ | ३० | ४१ |
| ३ | ६ | ६८ | १०६ | २ | २४० | ३२३ | ८ | ३०८ | ४२९ |
| ४ | १ | १८ | ३१ | १ | ६१ | ८८ | २ | ७९ | ११९ |
| ५ | १० | २०५ | २१० | १ | १७० | १५८ | ११ | ३७५ | ३६८ |
| ६ | २ | १८ | ३१ | २ | २५५ | २३६ | ४ | २७३ | २६७ |
| ७ | ४ | ३८ | ४० | २ | १५९ | १९१ | ६ | १९७ | २३१ |
| ८ | ३ | १०० | ९३ | १ | १४४ | २३० | ४ | २४४ | ३२३ |
| **जम्मा** | **३२** | **५४५** | **७९७** | **१०** | **११५७** | **१४०५** | **४२** | **१७०२** | **२२०२** |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

## ३.७ संक्षिप्त सांस्कृतिक बिबरण

परापुर्बकालमा भगवान शिवको क्रिडास्थलको रुपम रहेको यस भूमिमा भगवान शिवको आराधना, तपस्याको लागि ऋषि, महर्षि तपस्वीहरुले प्रयोग गरेको भुमिको पौराणिक कथनका आधारमा यस गाउँपालिकाको नाम शिवपुरी रहन गएको पाईन्छ । शिवपुरी राष्ट्रिय निकुन्ज राष्ट्रियसंगै जोडिएको यस गाउँपालिका नुवाकोट जिल्लाको ऐतिहासिक, धार्मिक रुपले पवित्र भूमिको रुपमा रहेको छ । शिवपुरी क्षेत्र ऐतिहासिक, धार्मिक तथा प्राकृतिक रुपमा महत्वपुर्ण क्षेत्रको रुपमा सुपरिचित क्षेत्र हो । यस क्षेत्रमा यसखालको महत्व बोकेका ३२ वटा सम्पदाहरु विद्यमान रहेका छन् । जसमध्ये सबैजसो धार्मिक महत्व बोकेका स्थलहरु छन् । जनजातिको बाहुल्यता रहेको यस गाउँपालिकाभित्र विभिन्न जातजति, भाषा, धर्म, रीतिरिवाज, परम्परा विविधतामा एकता रहेको पाइन्छ । विविध जातजाती रहनसहन धार्मिक सांस्कृतिक एबं प्रकृतिक मनोरमका कारण यस गाउँपालिका पर्यटकीय दृष्टिकोणले पनि अत्यन्तै

महत्वपूर्ण रहेको छ । यस गाउँपालिकामा करिब ६० प्रतिशत जनताहरु बौद्ध धर्म मान्छन् । यस क्षेत्रमा हिन्दु तथा बुद्ध धर्म मान्ने जनसंख्या उच्च रहेका कारण चाड पर्व पनि सोही अनुसार मनाइने गरिन्छ । गुरुङ्ग तथा तामाङ्गले ल्होसार, बुद्ध पुर्णिमा, दशैं तथा तिहारलाई मुल चाडका रुपमा मनाउने गर्दछन् । बाहुन, क्षेत्री, ठकुरी तथा दलितमा दशै, तिहार, कृष्णाष्टमी, जनैपुर्णिमा, तिज, चैते दशैं, राम नवमी, शिवरात्री, फागु पुर्णिमा मनाइने गर्दछ । नेवार समुदायमा दशै, म्हःपूजा, शिवरात्री, फागु पुर्णिमा, गाईजात्रा, कृष्णाष्टमी, राम नवमी जस्ता चाड मनाउने गरेको देखिन्छ ।

## ३.८ संस्थागत अवस्था

यस गाउँपालिकामा भएका सरकारी कार्यालयहरूमा साविक छाप, लिखु, महाकाली, तलाखु, सिक्रे, समुन्द्रादेवी, सुनखानी र थानापति गाविसका कार्यालयहरू रहेका छन्, जुन हाल सम्बन्धित वडाको वडा कार्यालयका रुपमा रहेका छन् । यस गाउँपालिकामा निर्वाचित पदाधिकारी तथा वडाहरूमा वडा सचिव लगायत अन्य कर्मचारीहरु रहेको अवस्था छ । साथै, यस गाउँपालिकामा अन्य बिभिन्न सरकारी कार्यालयहरु पनि कार्यरत रहेका छन् । ती हुन् – अतिरिक्त हुलाक कार्यालय, पशु सेवा केन्द्र, स्वास्थ्य केन्द्र, प्रहरी कार्यालय आदि ।

यस गाउँपालिकाको कार्यालय हालको वडा नं. ५, सेराबगर स्थित साविकको महाकाली गाविसको कार्यालय भवनमा रहेको छ । गाउँपालिका भवनमा न्यूनतम आधारभूत भौतिक सुविधाहरु फर्निचर, बिजुली, कम्प्युटर, प्रिन्टर, टेलिफोन, ईन्टरनेट आदिको व्यवस्था गरिएको छ । नेपाल सरकारले जारी गरेको स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ अनुसार स्थानीय तहको कार्य जिम्मेवारी बमोजिम दैनिक प्रशासनिक, कार्यक्रम तथा बजेट, कर्मचारी व्यवस्थापन, कर्मचारीहरूको तलब भत्ता तथा सुविधा लगायतको आर्थिक व्यवस्थापनको लागि प्रमुख प्रशासकिय अधिकृत, लेखापाल, वडा सचिब, बिषयगत प्राबिधिकहरु, प्राबिधिक सहायक, कार्यालय सहायक, कार्यालय सहयोगी आदि कार्यरत रहेका छन् ।

यस गाउँपालिकामा सरकारी संस्थाका अलावा बिभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय गैह्र सरकारी सस्थाहरु पनि कार्यरत रहेका छन् । ती संस्थाहरुमा UNICEF, ACF, GIZ, OXFAM, नेपाल रेडक्रस सोसाइटी र अन्य थुप्रै स्थानीय संघसंस्थाहरु रहेका छन् । ती संस्थाहरूले काम गर्ने क्षेत्रहरू खानेपानी तथा सरसफाइ, शिक्षा, स्वास्थ्य, अस्थायी आवास, पोषणहरू रहेका छन ।

## ३.९ स्थानीय जनशक्तिको विवरण

स्थानीय स्तरमा आयोजना कार्यान्वयन गर्न स्थानीय मानव श्रोतको रुपमा बिषयगत दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका हुने गर्दछ । त्यस्तै खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि पनि बिभिन्न किसिमका जनशक्तिहरु आवश्यक पर्दछ । यी जनशक्तिहरुमा ईन्जिनियर, सब–ईन्जिनियर, मिस्त्री, कालिगढ, प्लम्बर, खा.पा.स.टे., पम्प अपरेटर, सामाजिक परिचालक, महिला स्वास्थ्य कार्यकर्ता तथा लेखा सम्बन्धी जनशक्ति आदि हुन् । यस गाउँपालिकाभित्र पनि यी जनशक्तिहरु उपलब्ध रहेका छन् । यस अलावा अन्य बिषयगत दक्ष जनशक्तिहरुमा कृषि प्राबिधिक, पशु प्राबिधिक, स्वास्थ्य सम्बन्धी जनशक्ति (हेल्थ असिष्टेन्ट, अ.हे.ब, अनमी, नर्स आदि) बिद्युत प्राबिधिक, सिकर्मी, डकर्मी, आदि पनि रहेका छन् ।

# ४. खानेपानी, सरसफाइ तथा स्वच्छताको विद्यमान स्थिति

## ४.१ विद्यमान जलश्रोतहरुको विश्लेषण

### ४.१.१ जलश्रोतको बर्तमान अवस्था तथा घनत्व

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्याँकहरुको बिश्लेषण अनुसार शिवपुरी गाउँपालिकामा १७१ वटा जलश्रोतहरु रहेका छन् । ती सबै श्रोतहरु खानेपानी आयोजनाको लागि प्रयोग गरिएका छन्, जसमध्ये ११३ वटा श्रोतहरु पुरानो खानेपानी आयोजना र ५८ वटा श्रोतहरु नयाँ प्रस्तावित आयोजनाको लागि प्रयोग गरिएका छन् । यी श्रोतहरुमध्ये पानीको क्षमता/बहावको आधारमा बर्गीकरण गर्दा पानीको बहाव ०.१ लिटर प्रति सेकेन्ड भन्दा कम रहेको श्रोत मात्र १ वटा छ भने पानीको बहाव ०.१ देखि ०.५ लिटर प्रति सेकेन्ड भएको श्रोतहरु १२१ वटा रहेका छन् । त्यस्तै, पानीको बहाव ०.५ देखि १ लिटर प्रति सेकेन्ड भएका श्रोतहरु २३ वटा रहेका छन् भने १ लिटर प्रति सेकेन्ड भन्दा बढी पानीको बहाव भएको श्रोतहरु २६ वटा छन् । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका ९ : जलश्रोतको बर्तमान अवस्था तथा पानीको बहाव**

| वडा | श्रोतको संख्या | श्रोतको क्षमता (लि./से.) | | | | जलश्रोतको प्रयोग | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | < ०.१ | ०.१–०.५ | ०.५–१.० | > १.० | खानेपानी | सिंचाईं | जल बिद्युत | अन्य | |
| १ | १७ | १ | १० | ३ | ३ | १७ | ० | ० | ० | पुरानो |
| | ५ | ० | १ | २ | २ | ५ | ० | ० | ० | नयाँ |
| २ | ९ | ० | ६ | ३ | ० | ९ | ० | ० | ० | पुरानो |
| | ५ | ० | १ | ० | ४ | ५ | ० | ० | ० | नयाँ |
| ३ | १० | ० | ६ | ३ | १ | १० | ० | ० | ० | पुरानो |
| | ९ | ० | ३ | ३ | ३ | ९ | ० | ० | ० | नयाँ |
| ४ | ६ | ० | ४ | २ | ० | ६ | ० | ० | ० | पुरानो |
| | ६ | ० | ४ | ० | २ | ६ | ० | ० | ० | नयाँ |
| ५ | २४ | ० | २० | ३ | १ | २४ | ० | ० | ० | पुरानो |
| | १६ | ० | १४ | ० | २ | १६ | ० | ० | ० | नयाँ |
| ६ | २५ | ० | २१ | २ | २ | २५ | ० | ० | ० | पुरानो |
| | १ | ० | १ | ० | ० | १ | ० | ० | ० | नयाँ |
| ७ | १३ | ० | १३ | ० | ० | १३ | ० | ० | ० | पुरानो |
| | ८ | ० | २ | १ | ५ | ८ | ० | ० | ० | नयाँ |
| ८ | ९ | ० | ८ | १ | ० | ९ | ० | ० | ० | पुरानो |
| | ८ | ० | ७ | ० | १ | ८ | ० | ० | ० | नयाँ |
| **जम्मा** | **१७१** | **१** | **१२१** | **२३** | **२६** | **१७१** | **०** | **०** | **०** | |

**श्रोतः स्थलगत सर्बेक्षण, २०७६**

### ४.१.२ जलश्रोतको किसिम र बर्तमान अवस्था

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्याँकहरुको बिश्लेषण अनुसार यस गाउँपालिकामा भएका ६१ वटा बिद्यमान खानेपानी तथा सरसफाइ आयोजनाहरुको लागि ११३ वटा पानीको श्रोतहरु प्रयोग गरिएको छ भने प्रस्तावित ५८ वटा नयाँ खानेपानी आयोजनाहरुको लागि प्रयोग गरिने ५८ वटा श्रोतहरु समेत जम्मा १७१ वटा श्रोतहरु रहेका छन् । यी सबै जलस्रोतहरुको विश्लेषण गर्दा १४७ वटा मूल (Spring) र २६ वटा खोला (Stream) रहेका छन् भने ५ वटा अन्य रहेका छन् । यी सबै जलस्रोतहरुको बर्तमान अवस्थाको विश्लेषण गर्दा १६० वटा श्रोतहरु सामान्य अवस्थामा रहेका छन्

भने २ वटा श्रोतमा पानीको बहाव घटेको देखिन्छ र एक वटा श्रोतमा सुकेको स्थिति छ । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका १० : जलश्रोतको किसिम र बर्तमान अवस्था**

| वडा | श्रोतको संख्या | श्रोतको किसिम | | | श्रोतको बर्तमान अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मूल | खोला | अन्य | सामान्य | सुकेको | घटेको | सरेको | |
| १ | १७ | ११ | ५ | १ | १६ | १ | ० | ० | |
| | ५ | ५ | ० | ० | ५ | ० | ० | ० | |
| २ | ९ | ७ | ९ | 0 | ९ | ० | ० | ० | |
| | ५ | २ | ३ | 0 | ५ | ० | ० | ० | |
| ३ | १० | ८ | २ | 0 | १० | ० | ० | ० | |
| | ९ | ३ | ६ | 0 | ९ | ० | ० | ० | |
| ४ | ६ | ६ | ० | 0 | ६ | ० | ० | ० | |
| | ६ | ६ | ० | 0 | ६ | ० | ० | ० | |
| ५ | २४ | २४ | ० | ० | २३ | ० | १ | ० | |
| | १६ | १४ | ० | २ | १६ | ० | ० | ० | भूमिगत श्रोत |
| ६ | २५ | २४ | ० | १ | २४ | ० | १ | ० | |
| | १ | १ | ० | ० | १ | ० | ० | ० | |
| ७ | १३ | १३ | ० | ० | १३ | ० | ० | ० | |
| | ८ | ८ | ० | ० | ८ | ० | ० | ० | |
| ८ | ९ | ८ | १ | ० | ९ | ० | ० | ० | |
| | ८ | ७ | ० | १ | ८ | ० | ० | ० | भूमिगत श्रोत |
| **जम्मा** | **१७१** | **१४७** | **२६** | **५** | **१६०** | **१** | **२** | **०** | |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७६**

## ४.२ खानेपानीको अवस्था

### ४.२.१ घरायसी खानेपानीको अवस्था

#### ४.२.१.१ सुधारिएको खानेपानी प्रणालीको पहुँच र अवस्था

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्यांकहरुको बिश्लेषण अनुसार शिवपुरी गाउँपालिकामा सुधारिएको खानेपानी प्रणालीको पहुँचबाट लाभान्वित भएका कूल घरसंख्याको आधारमा ५८.३१% तथा कुल जनसंख्याको आधारमा ५५.६३% छन् । साथै, सुधारिएको खानेपानी प्रणालीको पहुँचबाट कूल घरसंख्याको आधारमा ४१.६९% तथा कुल जनसंख्याको आधारमा ४४.३७% हालसम्म पनि बञ्चित छन् र परम्परागत रुपमा कुवा, पँधेरो, खोलानाला आदि श्रोतहरुको माध्यमबाट पानीको आवश्यकता पूर्ति गर्दै आईरहेका छन् । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका ११ : बिद्यमान सुधारिएको खानेपानी प्रणालीको पहुँचको अवस्था**

| वडा नं. | सुधारिएको खानेपानी प्रणाली | | | | नसुधारिएको खानेपानी प्रणाली | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लाभान्वित घरसंख्या | प्रतिशत | लाभान्वित जनसंख्या | प्रतिशत | घरसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | कैफियत |
| १ | ४९९ | ५८.२३ | २६०६ | ५४.५२ | ३५८ | ४१.७७ | २१७४ | ४५.४८ | |
| २ | २६३ | ४५.१९ | १३७९ | ४७.१९ | ३१९ | ५४.८१ | १५४३ | ५२.८१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | २४२ | ३०.३३ | ११७२ | २७.४३ | ५५६ | ६९.६७ | ३१०१ | ७२.५७ | |
| ४ | १६४ | ३०.२० | ८६६ | ३०.२९ | ३७९ | ६९.८० | १९९३ | ६९.७१ | |
| ५ | ८४६ | ८९.७१ | ३८४८ | ८७.०४ | ९७ | १०.२९ | ५७३ | १२.९६ | |
| ६ | ६२२ | ८१.७३ | ३२७५ | ८३.३८ | १३९ | १८.२७ | ६५३ | १६.६२ | |
| ७ | ५५४ | ९०.२३ | २५६१ | ७२.१६ | ६० | ९.७७ | ९८८ | २७.८४ | |
| ८ | २०१ | २८.०३ | १२५६ | ३३.४२ | ५१६ | ७१.९७ | २५०२ | ६६.५८ | |
| **कूल** | **३३९१** | **५८.३१** | **१६९६३** | **५५.६३** | **२४२४** | **४१.६९** | **१३५२७** | **४४.३७** | |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

### ४.२.१.२ आयोजनाहरुको प्रबिधि अनुसार बर्गीकरण

यस गाउँपालिकाको भौगोलिक अवस्थिति अनुसार पहाडी भूभाग भएकोले प्रबिधिको आधारमा यहाँ बिद्यमान ६१ वटा खानेपानी आयोजनाहरु मध्ये ६० वटा ग्राभिटी प्रणालीको रहेका छन् भने १ वटा अन्य (कुवा) रहेको छ । यसबाट यस गाउँपालिकाको कूल ३३९१ घर र १६९६३ जनसंख्यालाई स्वच्छ खानेपानीको सेवा उपलब्ध भएको छ । सेवास्तरको आधारमा ती ६१ वटा खानेपानी आयोजनाहरुलाई बर्गीकरण गर्दा ५८ वटा आयोजना सामुदायिक धारा र ३ वटा आयोजना एक घर एक धारा अन्तर्गत सञ्चालनमा रहेको छ । तलको तालिकामा वडागत रुपमा सुधारिएको खानेपानीको पहुँचको अवस्था र बिबरण दिईएको छ ।

**तालिका १२ : खानेपानी आयोजनाहरुको प्रबिधि अनुसार बर्गीकरण**

| वडा | लाभान्वित | | खानेपानी आयोजनाको प्रकार | | | आयोजनाको प्रकार | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | घरसंख्या | जनसंख्या | ग्राभिटी | लिफ्ट | अन्य | सामुदायिक धारा | एक घर एक धारा | |
| १ | ४९९ | २६०६ | ८ | ० | १ | ९ | ० | कुवा |
| २ | २६३ | १३७९ | ७ | ० | ० | ७ | ० | |
| ३ | २४२ | ११७२ | ५ | ० | ० | ५ | ० | |
| ४ | १६४ | ८६६ | ४ | ० | ० | ४ | ० | |
| ५ | ८४६ | ३८४८ | १४ | ० | ० | १४ | ० | |
| ६ | ६२२ | ३२७५ | ११ | ० | ० | ११ | ० | |
| ७ | ५५४ | २५६१ | ८ | ० | ० | ६ | २ | |
| ८ | २०१ | १२५६ | ३ | ० | ० | २ | १ | |
| **कूल** | **३३९१** | **१६९६३** | **६०** | **०** | **१** | **५८** | **३** | |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

### ४.२.१.३ आयोजनाहरुको सञ्चालन स्थिति

यस गाउँपालिकामा निर्मित ६१ वटा बिद्यमान खानेपानी आयोजनाहरुबाट सेवा प्राप्त ३३९१ घरधुरीहरुमध्ये पूर्ण रुपमा सञ्चालित आयोजनाबाट ७८२ घरधुरी (२३.०६%) लाभान्वित रहेका छन् । त्यस्तै, आंशिक रुपमा सञ्चालित आयोजनाबाट २१७८ घरधुरी (६४.२३%) लाभान्वित रहेका छन् भने सञ्चालन नभएका आयोजना अन्तर्गत ४३१ घरधुरी (१२.७१%) रहेका छन् र यसमध्ये वडा १ को १६४ घरधुरी ३ वटा निर्माणाधिन आयोजना अन्तर्गत पर्दछ । तलको तालिकामा वडागत रुपमा बिद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन स्थितिको अवस्था र बिबरण दिईएको छ ।

**तालिका १३ : खानेपानी आयोजनाहरुको सञ्चालन स्थिति**

| वडा नं. | लाभान्वित घरसंख्या | पूर्ण सञ्चालित | | आँशिक सञ्चालित | | सञ्चालनमा नभएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | घरसंख्या | प्रतिशत | घरसंख्या | प्रतिशत | घरसंख्या | प्रतिशत | |
| १ | ४९९ | ११६ | २३.२५ | २५७ | ५१.५० | १६४* | ३२.८७ | |
| २ | २६३ | ४५ | १७.११ | १८० | ६८.४४ | ० | ०.०० | |
| ३ | २४२ | २२२ | ९१.७४ | २० | ८.२६ | ० | ०.०० | |
| ४ | १६४ | १४२ | ८६.५९ | ० | ०.०० | २२ | १३.४१ | |
| ५ | ८४६ | १७८ | २१.०४ | ६६८ | ७८.९६ | ० | ०.०० | |
| ६ | ६२२ | ४३ | ६.९१ | ३५९ | ५७.७२ | २२० | ३५.३७ | |
| ७ | ५५४ | ३६ | ६.५० | ४९३ | ८८.९९ | २५ | ४.५१ | |
| ८ | २०१ | ० | ०.०० | २०१ | १००.०० | ० | ०.०० | |
| **कूल** | **३३९१** | **७८२** | **२३.०६** | **२१७८** | **६४.२३** | **४३१** | **१२.७१** | |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७६** ***१६४ घर निर्माणाधिन आयोजना अन्तर्गत**

त्यस्तै, यस गाउँपालिकामा निर्मित ६१ वटा बिद्यमान खानेपानी आयोजनाहरुलाई बर्गीकरण गर्दा पूर्ण रुपमा सञ्चालित आयोजनाहरु १७ वटा (२७.८७%) रहेका छन् भने आँशिक रुपमा सञ्चालित आयोजनाहरु ३७ वटा (६०.६६%) रहेका छन् र सञ्चालन नभएका आयोजनाहरु ७ वटा (११.४८%) रहेका छन् । तलको तालिकामा वडागत रुपमा बिद्यमान खानेपानी आयोजनाहरुको सञ्चालन स्थितिको अवस्था र बिबरण दिईएको छ ।

**तालिका १४ : खानेपानी आयोजनाहरुको सञ्चालन स्थिति**

| वडा नं. | आयोजना संख्या | पूर्ण सञ्चालित | | आँशिक सञ्चालित | | सञ्चालनमा नभएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | आयोजना संख्या | प्रतिशत | आयोजना संख्या | प्रतिशत | आयोजना संख्या | प्रतिशत | |
| १ | ९ | ३ | ३३.३३ | ४ | ४४.४४ | ३** | ३३.३३ | |
| २ | ७ | १ | १४.२९ | ५ | ७१.४३ | ० | ०.०० | |
| ३ | ५ | ४ | ८०.०० | १ | २०.०० | ० | ०.०० | |
| ४ | ४ | ३ | ७५.०० | ० | ०.०० | १ | २५.०० | |
| ५ | १४ | ४ | २८.५७ | १० | ७१.४३ | ० | ०.०० | |
| ६ | ११ | १ | ९.०९ | ८ | ७२.७३ | २ | १८.१८ | |
| ७ | ८ | १ | १२.५० | ६ | ७५.०० | १ | १२.५० | |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ०.०० | |
| **कूल** | **६१** | **१७** | **२७.८७** | **३७** | **६०.६६** | **७** | **११.४८** | |

**श्रोतः स्थलगत सर्वेक्षण, २०७६** **** ३ वटा निर्माणाधिन आयोजना**

## खानेपानी आयोजनाहरुको मर्मत/पुनःस्थापना/पूनर्निर्माणको अवस्था

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी आयोजनाहरुमध्ये १७ वटा पूर्ण रुपमा सञ्चालित रहेका छन् भने बाँकि ४४ वटा मध्ये वडा नं. १ स्थित ३ वटा आयोजना निर्माणाधिन अवस्थामा रहेका छन् । अतः उक्त ४४ वटा आयोजनाहरुमध्ये २ वटा आयोजनामा ठूलो मर्मत र ३५ वटा आयोजनामा पूनःस्थापनाको आश्यकता देखिन्छ भने ७ वटा आयोजनामा पूनर्निर्माणको आवश्यकता देखिन्छ । यस सम्बन्धी खानेपानी आयोजनाहरुको वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

तालिका १५ : खानेपानी आयोजनाहरुको मर्मत/पुन:स्थापना/पूनर्निर्माणको स्थिति

| वडा नं. | सामान्य मर्मतको आवश्यकता भएको आयोजना संख्या | ठूलो मर्मतको आवश्यकता भएको आयोजना संख्या | पून:स्थापनाको आवश्यकता भएको आयोजना संख्या | पूनर्निर्माणको आवश्यकता भएको आयोजना संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ० | २ | २ | ३ | |
| २ | ० | ० | ५ | ० | |
| ३ | ० | ० | १ | ० | |
| ४ | ० | ० | ० | १ | |
| ५ | ० | ० | १० | ० | |
| ६ | ० | ० | ८ | २ | |
| ७ | ० | ० | ६ | १ | |
| ८ | ० | ० | ३ | ० | |
| **कूल** | **०** | **२** | **३५** | **७** | |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

### ४.२.१.४ आयोजनाहरुको संस्थागत अवस्था

### बिद्यमान खानेपानी आयोजनाहरुको उपभोक्ता समितिको स्थिति

जलश्रोत ऐन अनुसार प्रत्येक खानेपानी आयोजनाको निर्माणको लागि मूल वा मूहानको साथमा उपभोक्ता समिति पनि सम्बन्धित जिल्ला जलश्रोत समितिमा बिधिवत रुपमा दर्ता हुनु आवश्यक छ । यस गाउँपालिकामा निर्मित ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुमध्ये २६ वटा (४२.६०%) आयोजनामा मात्र उपभोक्ता समिति दर्ता भएको छ भने ३५ वटा (५७.३८%) आयोजनामा उपभोक्ता समिति दर्ता नभएको स्थिति रहेको छ । त्यस्तै, २६ वटा (४२.६०%) आयोजनाको उपभोक्ता समितिमा महिला सदस्यको संख्या कूल सदस्यको २/३ भन्दा बढी रहेका छन् भने ३५ वटा (५७.३८%) आयोजनाको उपभोक्ता समितिमा सो संख्या कूल सदस्यको २/३ भन्दा कम रहेका छन् । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

तालिका १६ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (समिति दर्ता र महिला सदस्य)

| वडा | आयोजना संख्या | उपभोक्ता समिति दर्ताको स्थिति | | | | उपभोक्ता समितिमा महिला सदस्यको संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | ≥ २/३ भएको | % | ≤ २/३ भएको | % |
| १ | ९ | ४ | ४४.४४ | ५ | ५५.५६ | ४ | ४४.४४ | ५ | ५५.५६ |
| २ | ७ | ४ | ५७.१४ | ३ | ४२.८६ | ४ | ५७.१ | ३ | ४२.८६ |
| ३ | ५ | ३ | ६० | २ | ४० | ३ | ६० | २ | ४०.०० |
| ४ | ४ | ० | ० | ४ | १०० | ० | ० | ४ | १००.०० |
| ५ | १४ | ५ | ३५.७ | ९ | ६४.२९ | ५ | ३५.७ | ९ | ६४.२९ |
| ६ | ११ | ६ | ५४.५ | ५ | ४५.४५ | ६ | ५४.५ | ५ | ४५.४५ |
| ७ | ८ | ४ | ५०.०० | ४ | ५०.०० | ४ | ५०.०० | ४ | ५०.०० |
| ८ | ३ | ० | ० | ३ | १०० | ० | ० | ३ | १००.०० |
| **जम्मा** | **६१** | **२६** | **४२.६०** | **३५** | **५७.३८** | **२६** | **४२.६०** | **३५** | **५७.३८** |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

## खानेपानी उपभोक्ता समितिको नियमित बैठक र कार्यालय भवनको स्थिति

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुको उपभोक्ता समितिहरुमध्ये ११ वटाको (१८.०३%) मात्र नियमित बैठक भईरहेको छ भने ५० वटा (८१.९७%) मा बैठकको नियमितता रहेको छैन । त्यस्तै, ६१ वटा आयोजनाहरुमध्ये कुनै पनि उपभोक्ता समितिको आफ्नै कार्यालय भवन रहेको छ। यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ।

**तालिका १७ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (समिति बैठक र भवन)**

| वडा | आयोजना संख्या | उपभोक्ता समितिको नियमित बैठक | | | | उपभोक्ता समितिको कार्यालय भवन | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ९ | ३ | ३३.३३ | ६ | ६६.६७ | ० | ० | ९ | १०० |
| २ | ७ | १ | १४.२९ | ६ | ८५.७१ | ० | ० | ७ | १०० |
| ३ | ५ | १ | २०.०० | ४ | ८०.०० | ० | ० | ५ | १०० |
| ४ | ४ | ० | ०.०० | ४ | १००.०० | ० | ० | ४ | १०० |
| ५ | १४ | ४ | २८.५७ | १० | ७१.४३ | ० | ० | १४ | १०० |
| ६ | ११ | २ | १८.१८ | ९ | ८१.८२ | ० | ० | ११ | १०० |
| ७ | ८ | ० | ०.०० | ८ | १००.०० | ० | ० | ८ | १०० |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ० | ३ | १०० |
| **जम्मा** | **६१** | **११** | **१८.०३** | **५०** | **८१.९७** | **०** | **०** | **६१** | **१००** |

श्रोतः स्थलगत सर्वेक्षण, २०७६

## खानेपानी उपभोक्ता समितिको बैंक खाता र आय–ब्ययको स्थिति

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुको उपभोक्ता समितिहरुमध्ये १३ वटा (२१.३१%) उपभोक्ता समितिको मात्र छुट्टै बैंक खाता छ भने ४८ वटा (७८.६९%) मा आफ्नो बैंक खाता छैन । त्यस्तै, १८ वटा (२९.५१%) उपभोक्ता समितिहरुसंग आय–ब्ययको कागजात रहेको छ भने ४३ वटासंग (७०.४९%) आय–ब्ययको कुनै कागजात रहेको छैन । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ।

**तालिका १८ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (बैंक खाता र आयब्यय)**

| वडा | आयोजना संख्या | उपभोक्ता समितिको छुट्टै बैंक खाताको स्थिति | | | | आयब्ययको हिसाब किताब/कागजात | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ९ | २ | २२.२२ | ७ | ७७.७८ | ३ | ३३.३३ | ६ | ६६.६७ |
| २ | ७ | १ | १४.२९ | ६ | ८५.७१ | १ | १४.२९ | ६ | ८५.७१ |
| ३ | ५ | ३ | ६०.०० | २ | ४०.०० | २ | ४०.०० | ३ | ६०.०० |
| ४ | ४ | २ | ५०.०० | २ | ५०.०० | २ | ५०.०० | २ | ५०.०० |
| ५ | १४ | २ | १४.२९ | १२ | ८५.७१ | ४ | २८.५७ | १० | ७१.४३ |
| ६ | ११ | ३ | २७.२७ | ८ | ७२.७३ | ५ | ४५.४५ | ६ | ५४.५५ |
| ७ | ८ | ० | ०.०० | ८ | १००.०० | १ | १२.५० | ७ | ८७.५० |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ०.०० | ३ | १००.०० |
| **जम्मा** | **६१** | **१३** | **२१.३१** | **४८** | **७८.६९** | **१८** | **२९.५१** | **४३** | **७०.४९** |

श्रोतः स्थलगत सर्वेक्षण, २०७६

### खानेपानी उपभोक्ता समितिको नबिकरण र लेखापरिक्षणको स्थिति

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुको उपभोक्ता समितिहरुमध्ये ८ वटा (१३.११%) उपभोक्ता समितिको मात्र नबिकरण भएको छ भने ५३ वटा (८६.८९%) उपभोक्ता समितिको नबिकरण भएको छैन । त्यस्तै, ३ वटा (४.९२%) उपभोक्ता समितिको मात्र आय–व्ययको लेखापरिक्षण गरिएको छ भने ५८ वटाको (९५.०८%) लेखापरिक्षण गरिएको छैन । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका १९ : बिद्यमान खानेपानी आयोजनाहरुको संस्थागत अवस्था (नबिकरण र लेखापरिक्षण)**

| वडा | आयोजना संख्या | उपभोक्ता समितिको नबिकरण | | | | आयव्ययको लेखापरिक्षणको स्थिति | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ९ | १ | ११.११ | ८ | ८८.८९ | ० | ०.०० | ९ | १००.०० |
| २ | ७ | ० | ०.०० | ७ | १००.०० | ० | ०.०० | ७ | १००.०० |
| ३ | ५ | १ | २०.०० | ४ | ८०.०० | १ | २०.०० | ४ | ८०.०० |
| ४ | ४ | ० | ०.०० | ४ | १००.०० | ० | ०.०० | ४ | १००.०० |
| ५ | १४ | ४ | २८.५७ | १० | ७१.४३ | १ | ७.१४ | १३ | ९२.८६ |
| ६ | ११ | २ | १८.१८ | ९ | ८१.८२ | १ | ९.०९ | १० | ९०.९१ |
| ७ | ८ | ० | ०.०० | ८ | १००.०० | ० | ०.०० | ८ | १००.०० |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ०.०० | ३ | १००.०० |
| **जम्मा** | **६१** | **८** | **१३.११** | **५३** | **८६.८९** | **३** | **४.९२** | **५८** | **९५.०८** |

**श्रोतः स्थलगत सर्बेक्षण, २०७६**

### ४.२.१.५ आयोजनाहरुको मर्मत सम्भारको अवस्था

### बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भार कोष र कार्यकर्ताको अवस्था

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुमध्ये मात्र १ वटा (१.६४%) आयोजनामा मर्मत सम्भार कोष रहेको छ भने ६० वटा (९८.३६%) आयोजनामा मर्मत सम्भार कोष रहेको छैन । त्यस्तै, १ वटा (१.६४%) आयोजनामा मर्मत सम्भार कार्यकर्ता कार्यरत रहेको छ भने ६० वटा (९८.३६%) आयोजनामा मर्मत सम्भार कार्यकर्ता रहेको छैन । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ । **(श्रोतः स्थलगत सर्बेक्षण, २०७६)**

**तालिका २० : बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भारको अवस्था (कोष र कार्यकर्ता)**

| वडा | आयोजना संख्या | मर्मत संभार कोषको स्थिति | | | | मर्मत संभार कार्यकर्ताको स्थिति | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ९ | ० | ०.०० | ९ | १००.०० | ० | ०.०० | ९ | १००.०० |
| २ | ७ | ० | ०.०० | ७ | १००.०० | ० | ०.०० | ७ | १००.०० |
| ३ | ५ | ० | ०.०० | ५ | १००.०० | ० | ०.०० | ५ | १००.०० |
| ४ | ४ | ० | ०.०० | ४ | १००.०० | ० | ०.०० | ४ | १००.०० |
| ५ | १४ | १ | ७.१४ | १३ | ९२.८६ | १ | ७.१४ | १३ | ९२.८६ |
| ६ | ११ | ० | ०.०० | ११ | १००.०० | ० | ०.०० | ११ | १००.०० |
| ७ | ८ | ० | ०.०० | ८ | १००.०० | ० | ०.०० | ८ | १००.०० |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ०.०० | ३ | १००.०० |
| **जम्मा** | **६१** | **१** | **१.६४** | **६०** | **९८.३६** | **१** | **१.६४** | **६०** | **९८.३६** |

### बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक र जगेडा औजारको अवस्था

यस गाउँपालिकामा रहेका ६१ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरुमध्ये मात्र १ वटा (१.६४%) आयोजनामा मर्मत सम्भार कार्यकर्तालाई नियमित रुपमा पारिश्रमिक भूक्तानी भईरहेको छ भने ६० वटा (९८.३६%) आयोजनामा यो अवस्था रहेको छैन । त्यस्तै, १ वटा (१.६४%) आयोजनामा मात्र मर्मतको लागि आवश्यक औजार र फिटिङ्गहरुको यथेष्ट जगेडा रहेको छ भने ६० वटा (९८.३६%) आयोजनामा यथेष्ट जगेडा रहेको छैन । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका २१ : बिद्यमान खानेपानी आयोजनाहरुको मर्मत सम्भारको अवस्था (पारिश्रमिक र जगेडा औजार)**

| वडा | आयोजना संख्या | मर्मत संभार कार्यकर्ताको पारिश्रमिक भुक्तानी | | | | मर्मतको लागि यथेष्ट जगेडा औजार/ फिटिङ्ग | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ९ | ० | ०.०० | ९ | १००.०० | ० | ०.०० | ९ | १००.०० |
| २ | ७ | ० | ०.०० | ७ | १००.०० | ० | ०.०० | ७ | १००.०० |
| ३ | ५ | ० | ०.०० | ५ | १००.०० | ० | ०.०० | ५ | १००.०० |
| ४ | ४ | ० | ०.०० | ४ | १००.०० | ० | ०.०० | ४ | १००.०० |
| ५ | १४ | १ | ७.१४ | १३ | ९२.८६ | १ | ७.१४ | १३ | ९२.८६ |
| ६ | ११ | ० | ०.०० | ११ | १००.०० | ० | ०.०० | ११ | १००.०० |
| ७ | ८ | ० | ०.०० | ८ | १००.०० | ० | ०.०० | ८ | १००.०० |
| ८ | ३ | ० | ०.०० | ३ | १००.०० | ० | ०.०० | ३ | १००.०० |
| **जम्मा** | **६१** | **१** | **१.६४** | **६०** | **९८.३६** | **१** | **१.६४** | **६०** | **९८.३६** |

**श्रोत: स्थलगत सर्बेक्षण, २०७६**

### ४.२.२ संस्थागत (बिद्यालय/स्वास्थ्य संस्था) खानेपानीको अवस्था

शिवपुरी गाउँपालिकाको ८ वटा वडाहरुमा प्राथमिक तहदेखि माध्यमिक तहसम्म रहेका कूल ४२ वटा बिद्यालयमध्ये २८ वटा (६६.६७%) बिद्यालयहरुमा खानेपानीको सुबिधा उपलब्ध छ भने १४ वटा बिद्यालयमा (३३.३३%) खानेपानीको सुबिधा उपलब्ध छैन । त्यस्तै, यस गाउँपालिकाको सबै वडाहरुमा स्वास्थ्य संस्थाहरु रहेका छन् र वडा ६ मा दुई वटा गरी जम्मा ९ वटा छन् । वडा ५ र ८ मा रहेको स्वास्थ्य संस्था बाहेक सबै ७ वटा (७७.७८%) स्वास्थ्य संस्थामा खानेपानीको सुबिधा उपलब्ध छ । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ । **(श्रोत: स्थलगत सर्बेक्षण, २०७६)**

**तालिका २२ : संस्थागत खानेपानी आयोजनाहरुको अवस्था**

| वडा | बिद्यालयको संख्या | बिद्यालयमा खानेपानीको सुबिधा | | | | स्वास्थ्य केन्द्रमा खानेपानीको सुबिधा | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | % | नभएको | % | भएको | % | नभएको | % |
| १ | ४ | २ | ५०.०० | २ | ५०.०० | १ | १०० | ० | ० |
| २ | ३ | २ | ६६.६७ | १ | ३३.३३ | १ | १०० | ० | ० |
| ३ | ८ | ५ | ६२.५० | ३ | ३७.५० | १ | १०० | ० | ० |
| ४ | २ | २ | १००.०० | ० | ०.०० | १ | १०० | ० | ० |
| ५ | ११ | ७ | ६३.६४ | ४ | ३६.३६ | ० | ० | १ | १०० |
| ६ | ४ | ३ | ७५.०० | १ | २५.०० | २ | १०० | ० | ० |
| ७ | ६ | ४ | ६६.६७ | २ | ३३.३३ | १ | १०० | ० | ० |
| ८ | ४ | ३ | ७५.०० | १ | २५.०० | ० | ० | १ | १०० |
| **जम्मा** | **४२** | **२८** | **६६.६७** | **१४** | **३३.३३** | **७** | **७७.७८** | **२** | **२२.२२** |

## ४.३. सरसफाइ तथा स्वच्छता

### ४.३.१. घरायसी सरसफाइ

शिवपुरी गाउँपालिकामा हाल कूल ५८१५ घरधुरी संख्या रहेका छन् । स्थानीय तहको पूनर्संरचना भई सकेपछि यस गाउँपालिकाको साथै नुवाकोट जिल्ला समेत मिति २०७५/०३/२८ मा नै खुला दिसामुक्त भई सकेको अवस्था छ । यद्यपि हालसम्म ८२ घरहरुमा (१.४१%) चर्पी निर्माण नगरेको अवस्था रहेको छ । तर यस गाउँपालिकामा कतै पनि खुला रुपमा दिसा पिसाब गरेको स्थिति छैन । आफूले आर्थिक अवस्थाले सक्ने किसिमले चर्पी निर्माण गरेर शतप्रतिशत प्रयोगमा ल्याई राखेको अवस्था छ । यहाँका अधिकांश जनताहरुमा चर्पी प्रयोग गरि सकेपछि लगायत अत्यावश्यक ६ अवस्थामा साबुन पानीले हात धुने बानी भएको देखिन्छ । तलको तालिकामा वडागत रुपमा नै घरायसी चर्पी निर्माण भएको बिवरण दिईएको छ ।

**तालिका २३ : घरायसी चर्पी निर्माणको अवस्था**

| वडा नं. | कूल घरसंख्या | चर्पी भएको | | चर्पी नभएको | | खुदिमु घोषणा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | घरसंख्या | प्रतिशत | घरसंख्या | प्रतिशत | भएको | नभएको | |
| १ | ८५७ | ८२८ | ९६.६२ | २९ | ३.३८ | √ | | |
| २ | ५८२ | ५८१ | ९९.८३ | १ | ०.१७ | √ | | |
| ३ | ७९८ | ७८९ | ९८.८७ | ९ | १.१३ | √ | | |
| ४ | ५४३ | ५४३ | १०० | ० | ० | √ | | |
| ५ | ९४३ | ९२१ | ९७.६७ | २२ | २.३३ | √ | | |
| ६ | ७६१ | ७५६ | ९९.३४ | ५ | ०.६६ | √ | | |
| ७ | ६१४ | ६०२ | ९८.०५ | १२ | १.९५ | √ | | |
| ८ | ७१७ | ७१३ | ९९.४४ | ४ | ०.५६ | √ | | |
| **कूल** | **५८१५** | **५७३३** | **९८.५९** | **८२** | **१.४१** | | | |

**श्रोतः शिवपुरी गाउँपालिकाको वस्तुगत विवरण, २०७६**

### ४.३.२. संस्थागत सरसफाइ

#### ४.३.२.१ बिद्यालय सरसफाइ

शिवपुरी गाउँपालिकाको वडा १ देखि ८ सम्म प्राथमिक तहदेखि माध्यमिक तहसम्म गरी जम्मा ४२ वटा बिद्यालयहरु सञ्चालित छन् । स्थलगत सर्बेक्षणबाट प्राप्त तथ्याँक अनुसार २५ वटा बिद्यालयहरुमा (५९.५२%) चर्पीको सुबिधा रहेको छ भने १७ वटामा (४०.४८%) चर्पीको सुबिधा उपलब्ध छैन । त्यस्तै १९ वटा (७६.००%) बिद्यालय चर्पीहरुमा पानीको सुबिधा उपलब्ध छ भने बाँकि ७ वटा बिद्यालय चर्पीहरुमा (२४.००%) पानीको सुबिधा उपलब्ध छैन । यस सम्बन्धी वडागत बिवरण तलको तालिकामा दिईएको छ ।

**तालिका २४ : बिद्यालय चर्पी निर्माणको अवस्था**

| वडा | बिद्यालयको संख्या | बिद्यालयमा चर्पीको अवस्था | | | | चर्पीमा पानीको सुबिधा | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | प्रतिशत | नभएको | प्रतिशत | भएको | प्रतिशत | नभएको | प्रतिशत | |
| १ | ४ | २ | ५०.०० | २ | ५०.०० | ० | ०.०० | २ | १०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ३ | १ | ३३.३३ | २ | ६६.६७ | १ | १०० | ० | ०.०० | |
| ३ | ८ | ३ | ३७.५० | ५ | ६२.५० | ३ | १०० | ० | ०.०० | |
| ४ | २ | २ | १०० | ० | ०.०० | २ | १०० | ० | ०.०० | |
| ५ | ११ | ६ | ५४.५५ | ५ | ४५.४५ | ४ | ६६.६७ | २ | ३३.३३ | |
| ६ | ४ | ३ | ७५.०० | १ | २५.०० | २ | ६६.६७ | १ | ३३.३३ | |
| ७ | ६ | ४ | ६६.६७ | २ | ३३.३३ | ४ | १०० | ० | ०.०० | |
| ८ | ४ | ४ | १०० | ० | ०.०० | ३ | ७५.०० | १ | २५.०० | |
| **जम्मा** | ४२ | २५ | ५९.५२ | १७ | ४०.४८ | १९ | ७६.०० | ६ | २४.०० | |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

### ४.३.२.२ बिद्यालयहरुमा निर्मित चर्पीहरुमा सुविधाको आधारमा चर्पीको अवस्था

शिवपुरी गाउँपालिकामा सञ्चालित सबै ४२ वटा बिद्यालयहरुमध्ये २५ वटा निर्मित बिद्यालय चर्पीहरुमा २४ वटा चर्पीहरुमा छात्रछात्राहरुको लागि छुट्टाछुट्टै दिसा गर्ने कोठाहरु बनेका छन् । साथै, निर्माण गरेका कुनै पनि बिद्यालय चर्पीहरुमा छुट्टै पिसाबघरको सुबिधा उपलब्ध रहेको छैन । यस सम्बन्धी वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका २५ : बिद्यालय चर्पीमा छात्र र छात्राको चर्पीको अवस्था**

| वडा | चर्पी भएको बिद्यालयको संख्या | छात्र छात्राको लागि छुट्टै चर्पी भएको | | छात्र र छात्राको छुट्टै पिसावघर | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | भएको संख्या | प्रतिशत | नभएको संख्या | प्रतिशत | |
| १ | २ | २ | १०० | ० | ० | २ | १०० | |
| २ | १ | १ | १०० | ० | ० | १ | १०० | |
| ३ | ३ | ३ | १०० | ० | ० | ३ | १०० | |
| ४ | २ | २ | १०० | ० | ० | २ | १०० | |
| ५ | ६ | ६ | १०० | ० | ० | ६ | १०० | |
| ६ | ३ | २ | ६६.६७ | ० | ० | ३ | १०० | |
| ७ | ४ | ४ | १०० | ० | ० | ४ | १०० | |
| ८ | ४ | ४ | १०० | ० | ० | ४ | १०० | |
| **जम्मा** | २५ | २४ | १०० | १ | ० | २५ | १०० | |

**श्रोत: स्थलगत सर्वेक्षण, २०७६**

### ४.३.२.३ स्वास्थ्य संस्थाको चर्पीको तथा अन्य सुबिधाको अवस्था

शिवपुरी गाउँपालिकामा ८ वटा वडाहरुमा जम्मा ९ वटा सरकारी/सामुदायिक स्वास्थ्य संस्थाहरु रहेका छन् । ती स्वास्थ्य संस्थाहरुमा खानेपानीको सुबिधा, चर्पीमा पानीको सुबिधा, महिनावारी स्वच्छताको सुबिधा र औषधीजन्य फोहर बिसर्जन सम्बन्धी सुबिधाको उपलब्ध रहेको/नरहेको वडागत बिबरण तलको तालिकामा दिईएको छ ।

**तालिका २६ : स्वास्थ्य संस्थाको चर्पीको तथा अन्य सुबिधाको अवस्था**

| वडा | स्वास्थ्य संस्था | खानेपानी सुबिधा | | चर्पीमा पानीको सुबिधा | | महिनावारी स्वच्छता सुबिधा | | औषधीजन्य फोहर फाल्ने सुबिधा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | √ (२) | – | √ (२) | – | √ (१) | √ (१) | – | √ (२) | |
| २ | १ | √ | – | √ | – | – | √ | – | √ | |
| ३ | १ | – | √ | – | √ | – | √ | – | √ | |
| ४ | १ | √ | – | √ | – | √ | – | √ | – | |
| ५ | १ | – | √ | – | √ | √ | – | √ | – | |
| ६ | २ | √ | – | √ | – | √ | √ | √ | – | |
| ७ | १ | √ | – | √ | – | √ | – | √ | – | |
| ८ | १ | – | √ | – | √ | √ | – | √ | – | |

**श्रोतः स्थलगत सर्बेक्षण, २०७६**

### ४.३.२.४ बिद्यालय चर्पीमा महिनावारी स्वच्छता सम्बन्धी सुबिधाको अवस्था

शिवपुरी गाउँपालिकाको २३ वटा बिद्यालयहरुमा भएका चर्पीहरुमा कुनैमा पनि छात्राहरुको लागि महिनावारी स्वच्छता सम्बन्धी सुबिधाको (स्यानीटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने, फ्याँक्ने र जलाउन मिल्ने सुविधाहरु) ब्यवस्था गरिएको छैन । यसले गर्दा महिनावारी भएको बेलामा छात्राहरुलाई अधिक असुबिधा हुने भएकोले बिद्यालय ब्यवस्थापन समितिहरु र गाउँपालिकाले यथाशिघ्र यस सम्बन्धी सुबिधाको उपलब्धताको सुनिश्चित गर्नु बाञ्छनीय छ ।

### ४.३.३ स्वच्छता सम्बन्धी बिद्यमान अवस्था (FGD को सारांश)

| वडा | चर्पीको समुचित प्रयोगको अवस्था | साबुन पानीले हात धुने बानीको अवस्था | घरायसी तहको पानी शुद्धीकरणको अवस्था | स्वच्छ र सुरक्षित खानाको प्रयोगको अवस्था | फोहरमैला बिसर्जन र व्यबस्थापनको अवस्था | महिनावारी स्वच्छता व्यबस्थापनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । | करिब ५% जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| २ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । | करिब ५% जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन् । प्राय घरहरुमा खानेपानीको भाँडो छोपेर राख्ने गर्छन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परागत घरेलु उपाय (कटनको कपडाको प्रयोग) अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ३ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | करिब ५% जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । दैनिक रुपमा भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ४ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ७०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | करिब ५% मात्र जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गर्दैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । आवश्यकता अनुसार भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब ५% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९५% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ५ | वडाभरि भएका सम्पूर्ण जनताहरु | करिब ६५% जनताहरु चर्पीको प्रयोग र | करिब ५% मात्र जनताहरु फिल्टरको प्रयोग गर्छन् र | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा | बजार क्षेत्रमा फोहरमैला जलाउने | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड | |

| वडा | चर्पीको समुचित प्रयोगको अवस्था | साबुन पानीले हात धुने बानीको अवस्था | घरायसी तहको पानी शुद्धीकरणको अवस्था | स्वच्छ र सुरक्षित खानाको प्रयोगको अवस्था | फोहरमैला बिसर्जन र व्यबस्थापनको अवस्था | महिनावारी स्वच्छता व्यबस्थापनको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन् । | पानीले धुने गरेको अवस्था छ । आवश्यकता अनुसार भाँडाकुँडाहरु धुने गरिन्छ । | गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ६ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | करिब २५% मात्र जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । आवश्यकता अनुसार भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ७ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६०% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | करिब १०% मात्र जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । आवश्यकता अनुसार भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |
| ८ | वडाभरि भएका सम्पूर्ण जनताहरु चर्पीको प्रयोग गर्छन् । खुला स्थानमा दिसा पिसाब गर्दैनन् । | करिब ६५% जनताहरु चर्पीको प्रयोग र खेतीको कामधन्दा पश्चात साबुन पानीले हात धुने गर्छन् । कहिलेकाँही खरानीले पनि हात धुने गर्छन् । | करिब १०% मात्र जनताहरु फिल्टरको प्रयोग गर्छन् र बाँकिले पानी शुद्धताको लागि घरायसी तहको अन्य शुद्धिकरण बिधिको खासै प्रयोग गदैनन् । | सागसब्जीहरु पकाउनु भन्दा अघि सफा पानीले धुने गरेको अवस्था छ । आवश्यकता अनुसार भाँडाकुँडाहरु धुने गरिन्छ । | बजार क्षेत्रमा फोहरमैला जलाउने गरिन्छ । गाउँघरतिर मलखाद बनाउन प्रयोग गरिन्छ र अन्य फोहर खोलानालामा फाल्ने गरिन्छ । | करिब १०% महिलाहरु महिनावारी हुँदा तयारी प्याड प्रयोग गर्छन् भने बाँकि ९०% महिलाहरु परम्परा अनुसार घरेलु उपाय अपनाउछन् । प्रयोग पश्चात प्याड अरु फोहरसंगै बिसर्जन गरिन्छ । | |

## ४.४ खुला दिसामुक्त क्षेत्रको अवस्था

स्थानीय तहको पूनर्संरचना अनुसार नुवाकोट जिल्लाको २ नगरपालिका र १० गाउँपालिकाहरुमध्ये शिवपुरी एक हो । यस गाउँपालिकामा हाल कूल ५८१५ घरसंख्या तथा ३०४९० जनसंख्या रहेको छ । २०७२ सालको महाभूकम्पले बढी क्षतिग्रस्त भएको गाउँपालिकाहरुमध्ये शिवपुरी पनि एक हो । भूकम्पबाट अन्य भौतिक संरचनाहरुको साथै चर्पीहरुमा पनि निकै क्षति पुगेको थियो । भूकम्पबाट क्षति भएका घरहरु लगायत अन्य संरचनाहरुको पूनर्निर्माणमा जस्तै चर्पी निर्माणको गतिमा तुलनात्मक रुपमा तिब्र नभए तापनि गाउँपालिकाका जुझारु जनप्रतिनिधिहरु र स्थानीयवासीहरुको पहलकदमीमा अधिकांश घरहरुमा चर्पी निर्माण पश्चात यस गाउँपालिकाको साथै मिति २०७५/०३/२८ मा ५८ औं जिल्लाको रुपमा नुवाकोट जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको छ । यस गाउँपालिकामा निर्मित केही अस्थायी खाले घरायसी चर्पीहरुलाई आवश्यकता अनुसार घरधनीको आर्थिक अवस्था हेरिकन स्थायी चर्पी निर्माण गर्न उत्प्रेरणा र सहयोग जरुरत छ । यस गाउँपालिकामा सरसफाइ तथा स्वच्छता सम्बन्धी सचेतनामा हाल आएर वृद्धि र आनीबानीमा सकारात्मक परिवर्तन हुँदै गएको छ । अर्को सकारात्मक कुराको रुपमा यस गाउँपालिकामा गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति पूनर्गठन गरिनुका साथै ५ वटै वडाहरुमा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरिएका छन् र पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत सरसफाइ र स्वच्छता सम्बन्धी बिभिन्न क्रियाकलापहरुमा सक्रिय सहभागिता रहेको अवस्था छ ।

यसर्थ, यस गाउँपालिकामा पनि खुला दिसामुक्तको दीगोपनाको लागि निश्चित योजनाको तर्जुमा गरि नेपाल सरकारले निर्दिष्ट गरेको क्षेत्रगत बिकास लक्ष्य र संयुक्त राष्ट्र संघीय दीगो बिकास लक्ष्य पूरा गर्न र निर्धारित समयममा नै पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणाको लागि पहल गर्न आवश्यक देखिन्छ । यसको लागि निम्न क्रियाकलापहरु गर्न सकिन्छ :

- स्थानीय तहमा दक्ष जनशक्तिको उत्पादन (ट्रिगरर, म्यासन तथा अन्य दक्ष मिस्त्रीको तालिम)
- सामाजिक परिचालकहरु र ट्रिगररहरुको प्रभावकारी परिचालन
- सूचना, शिक्षा र सञ्चार (IEC) सामग्रीहरुको विकास र वितरण
- क्षमता अभिबृद्धि तथा सरोकारवालाको अभिमुखीकरण/कार्यशाला गोष्ठी
- अनुगमन टोली गठन र प्रभावकारी परिचालन
- सरोकारवालाहरुसंग प्रभावकारी समन्वय
- अवलोकन भ्रमण
- सम्मान र पुरस्कार

## ५. खानेपानीको पहुँचबिहिन जनसंख्या तथा संकटासन्नता बिश्लेषण

स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्यांकहरु अनुसार शिवपुरी गाउँपालिकामा संकटासन्न कूल घरधुरी ११३२ र जनसंख्या ६७६९ रहेका छन् । जातिगत बिश्लेषण गर्दा जनजाति ७५८ घर (६६.९६%), दलित ६५ घर (५.७४%), ब्राम्हण/क्षेत्री २५० घर (२२.०८%) र अन्य पिछडिएका ५९ घर (५.२१%) रहेका छन् । वडागत संकटासन्न घरधुरी र जनसंख्याको अवस्थिति र बिबरणको बिश्लेषण अनुसार खानेपानी आयोजनाको संख्या औसत २३ वटा आवश्यक पर्ने देखिन्छ । यस सम्बन्धी बिस्तृत वडागत बिबरण तलको दुई वटा तालिकाहरुमा दिईएको छ ।

**तालिका २७ : संकटासन्न जनसंख्याको बिबरण**

| वडा | सँकटासन्नताको बर्गीकरण अनुसार घरसंख्या | | | | कूल घरसंख्या | जनसंख्या | पहुँचबिहिनको लागि नयाँ आयोजना संख्या | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | धेरै उच्च (A) | उच्च (B) | मध्यम (C) | सामान्य (D) | | | घरधुरीको आधार | जनसंख्याको आधार | |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | ० | ० | ० | २२ | २२ | १५५ | ० | १ | |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | ० | ० | ० | ११६ | ११६ | ६७६ | २ | २ | |
| ५ | ० | ० | ० | १८८ | १८८ | ७७६ | ३ | ३ | |
| ६ | ० | ० | ० | २६५ | २६५ | १८५५ | ५ | ७ | |
| ७ | ० | ० | २४ | ३०३ | ३२७ | १७९३ | ६ | ६ | |
| ८ | ० | ० | ० | २१४ | २१४ | १५१४ | ४ | ५ | |
| **कूल** | **०** | **०** | **२४** | **११०८** | **११३२** | **६७६९** | **२१** | **२५** | |
| **प्रतिशत** | **०** | **०** | **२.१२** | **९७.८८** | **१००** | | | | |

श्रोत: स्थलगत सर्बेक्षण, २०७६ *५७ घर/आयोजना **२८३ जनसंख्या/आयोजना

**तालिका २८ : संकटासन्न जनसंख्याको बिबरण (जातिगत)**

| वडा | सँकटासन्न घरधुरी | | | | कूल घरसंख्या | प्रतिशत | कूल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | जनजाति | दलित | ब्राह्मण/क्षेत्री | अन्य | | | | |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ०.०० |
| २ | ९ | ० | १३ | ० | २२ | १.९४ | १५५ | २.२९ |
| ३ | ० | ० | ० | ० | ० | ०.०० | ० | ०.०० |
| ४ | ५४ | ३ | ५९ | ० | ११६ | १०.२५ | ६७६ | ९.९९ |
| ५ | १४२ | ६ | ४० | ० | १८८ | १६.६१ | ७७६ | ११.४६ |
| ६ | २०७ | १८ | ४० | ० | २६५ | २३.४१ | १८५५ | २७.४० |
| ७ | २४१ | ८ | ७८ | ० | ३२७ | २८.८९ | १७९३ | २६.४९ |
| ८ | १०५ | ३० | २० | ५९ | २१४ | १८.९० | १५१४ | २२.३७ |
| **कूल** | **७५८** | **६५** | **२५०** | **५९** | **११३२** | **१००** | **६७६९** | **१००** |
| **प्रतिशत** | **६६.९६** | **५.७४** | **२२.०८** | **५.२१** | **१००** | | | |

श्रोत: स्थलगत सर्बेक्षण, २०७६

## ६. खानेपानी तथा सरसफाइ आयोजनाहरुको प्राथमिकीकरण

शिवपुरी गाउँपालिकाको सन्दर्भमा खानेपानी तथा सरसफाइ आयोजनाहरुको बिश्लेषण गर्दा दुई किसिमका आयोजनाहरु–बिद्यमान र सुधारिएको खानेपानीबाट बञ्चित समुदायका लागि निर्माण गर्नु पर्ने नयाँ आयोजनाहरुलाई ध्यान दिनु पर्ने हुन्छ । त्यसमध्ये पनि आयोजनाहरु र समुदायहरुको बिद्यमान संकटासन्नतालाई आधार मानेर प्राथमिकीकरण गर्दा बाञ्छनीय नै देखिन्छ । संकटासन्नता बिश्लेषण स्थलगत सर्भेक्षणबाट प्राप्त तथ्यांकहरुको आधारमा निम्न चार समूहमा बर्गीकरण गरिएको छ :

| | | |
|---|---|---|
| १) ७५%–१००% | धेरै उच्च संकटासन्नता | **(A)** |
| २) ६५%–७५% | उच्च संकटासन्नता | **(B)** |
| ३) ५५%–६५% | मध्यम संकटासन्नता | **(C)** |
| ४) ०–५५% | सामान्य संकटासन्नता | **(D)** |

संकटासन्नताको आधारमा क्रमश: पहिलो प्राथमिकता समूह – १ को धेरै उच्च, दोश्रो प्राथमिकता समूह – २ को उच्च, तेश्रो प्राथमिकता समूह – ३ को मध्यम र अन्तिम प्राथमिकता समूह – ४ को सामान्य संकटासन्नता भएको आयोजनाहरुलाई दिईएको छ ।

यस गाउँपालिकामा बिद्यमान आयोजनाहरुको संख्या ६० वटा रहेका छन्, जसमध्ये ठूलो खाले मर्मत गर्नु पर्ने २ वटा, पूनर्स्थापना गर्नु पर्ने ३४ वटा र पूनःर्निर्माण नै गर्नु पर्ने ७ वटा आयोजनाहरु छन् । ती सबै आयोजनाहरुलाई पनि संकटासन्नताको आधारमा समेत बर्गीकरण गरिएको छ । **(आयोजनाहरुको बिबरण अनुसूचीमा संलग्न छ)** त्यस्तै, पूर्व–सम्भाब्यता अध्ययन गरिएका ६ वटा आयोजनाहरुलाई पनि संकटासन्नताको समूहहरुमा बर्गीकरण गरिएको छ । यसैको आधारमा प्राथमिकीकरण गरी पञ्चबर्षीय कार्यक्रम र बजेट निर्माण गरिएको छ, जुन यसै गुरुयोजनाको परिच्छेद ८ र १० मा बिस्तृत रुपमा उल्लेख गरिएको छ ।

तालिका २९ र ३० मा बिद्यमान आयोजनाहरुको सकटासन्नताको अवस्था र सोको आधारमा आयोजनाहरुको प्राथमिकताको साथै लाभान्वित घरधुरी र जनसंख्याको वडागत बिबरण दिईएको छ ।

**तालिका २९ : बिद्यमान आयोजनाहरुको संकटासन्नताको अवस्था र प्राथमिकताक्रम**

| वडा | आयोजना संख्या | पूर्ण सञ्चालित | | | | सामान्य मर्मत | | | | ठूलो मर्मत | | | | पूनर्स्थापना | | | | पून:र्निर्माण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | A | B | C | D | A | B | C | D | A | B | C | D | A | B | C | D | A | B | C | D |
| १ | ९ | ० | ० | २ | १ | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ३* |
| २ | ७ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | २ | ० | ० | ० | ० |
| ३ | ५ | ० | ० | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| ४ | ४ | ० | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ५ | १४ | ० | ० | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ६ | ४ | ० | ० | ० | ० |
| ६ | ११ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | २ | ३ | १ | १ | ० | ० |
| ७ | ८ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ | ० | १ | ० | ० | ० |
| ८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | ० | ० |
| कूल | ६१ | ० | २ | ५ | १० | ० | ० | ० | ० | ० | १ | १ | ० | ४ | ६ | १६ | ९ | २ | १ | १ | ३ |

**श्रोत: स्थलगत सर्बेक्षण, २०७६** *** ३ वटा आयोजना निर्माणाधिन**

तालिका ३० : लाभान्वित घरधुरी र जनसख्याको बिबरण

| वडा | ठूलो मर्मत गर्नुपर्ने आयोजना | | | पूनर्स्थापना गर्नुपर्ने आयोजना | | | पूनर्निर्माण गर्नुपर्ने आयोजना | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | घरसंख्या | जनसंख्या | संख्या | घरसंख्या | जनसंख्या | संख्या | घरसंख्या | जनसंख्या |
| १ | २ | १५० | ५०५ | २ | १०७ | ५५० | ३ | १६४ | ९८८ |
| २ | ० | ० | ० | ५ | १८० | ९४६ | ० | ० | ० |
| ३ | ० | ० | ० | १ | २० | १२५ | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | १ | २२ | १२२ |
| ५ | ० | ० | ० | १० | ६६८ | ३०१२ | ० | ० | ० |
| ६ | ० | ० | ० | ८ | ३५९ | १९६० | २ | २२० | १०६१ |
| ७ | ० | ० | ० | ६ | ४९३ | २२३० | १ | २५ | ११४ |
| ८ | ० | ० | ० | ३ | २०१ | १२५६ | ० | ० | ० |
| **कूल** | **२** | **१५०** | **५०५** | **३५** | **२०२८** | **१००७९** | **७** | **४३१** | **२२८५** |

श्रोतः स्थलगत सर्वेक्षण, २०७६

## ७. सरोकारवालाको भूमिका

### ७.१ गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC)

नेपालको संबिधान २०७२ अनुसार साबिकका गाबिसहरु समाबेश गरि स्थानीय तहहरुको पूनर्संरचना मार्फत गाउँपालिकाहरु र नगरपालिकाहरु घोषणा गरिएका छन् । सोही अनुसार स्थानीय तहहरुको निर्वाचन सम्पन्न भई स्थानीय सरकार गठन भई संघीयता कार्यान्वयनमा आई सकेको अवस्था छ । सरसफाइ गुरुयोजनाको अबधारणा अनुसार साबिकको गाबिस जस्तै हालको गाउँपालिका क्षेत्रभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कुनै पनि क्रियाकलापहरु सञ्चालन गर्न सबभन्दा प्रमुख सरोकारवाला निकाय गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति हुन् । गाउँपालिका क्षेत्रभित्र कार्यरत सबै सरोकारवाला संस्थाहरुले पनि उक्त समन्वय समितिसंग नै समन्वय गरि निर्धारित कार्यहरु गर्नु पर्छ । राष्ट्रिय सरसफाइ निर्देशन समिति र राष्ट्रिय सरसफाइ समन्वय समितिले स्थानीय तहको पूनःर्संरचना अनुसार गाउँपालिका स्तरीय र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गठन, यसको संरचना र सदस्यहरु तथा भूमिकाहरुको सम्बन्धमा हालै केही निर्णयहरु गरेको छ, जुन निम्न बमोजिम छ :

#### ७.१.१ सदस्यहरु तथा भूमिकाहरु

| | |
|---|---|
| अध्यक्ष | गाउँपालिका अध्यक्ष |
| सदस्य सचिव | प्रशासकिय अधिकृत |
| सम्पर्क ब्यक्ति | निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना छनौट गर्ने । |
| सदस्यहरु | गाउँपालिका उपाध्यक्ष |
| | सबै निर्वाचित वडा अध्यक्षहरु |
| | स्वास्थ्य सुविधा प्रदायकहरु, |
| | प्रतिनिधि, गैर सरकारी वा समुदायमा आधारित संस्था |
| | प्रतिनिधि, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समिति |
| | प्रतिनिधि, वन उपभोक्ता समिति |
| | प्रतिनिधि, टोल सुधार समिति |
| | प्रतिनिधि, महिला समूह |
| | प्रतिनिधि, बाल क्लव |
| | प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका |
| | प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति |
| | प्रतिनिधि, कलेज व्यवस्थापन समिति |
| | प्रतिनिधि, बैंक तथा बित्तिय संस्थाहरु |
| | प्रतिनिधि, सुरक्षा निकाय आदि । |

**भूमिका**

- समग्र गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तयार पार्ने र अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न खानेपानी तथा सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।

- सरसफाइ प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालीन र दीर्घकालीन योजना बनाइ गाउँपालिकास्तरीय संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने र वडा, समुदाय तथा विद्यालयहरुलाई प्राविधिक सरसल्लाह तथा सहयोग उपलब्ध गराउने ।
- निर्बाध रुपमा कार्यक्रमहरुको सहज कार्यान्वयनको निमित्त समीक्षा बैठक लगायत अनुगमन क्रियाकलापहरु संचालन/आयोजना गर्ने ।
- पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना/कार्ययोजना तयार गर्ने तथा आवश्यक बजेटलाई गाउँपरिषद्बाट पारित गर्ने ।
- आवश्यक सूचना र निर्णयको परस्पर आदान प्रदानको लागि प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (P-WASH-CC) संग समन्वय गर्ने ।
- कार्यक्रमको प्रभावकारिताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।
- क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने ।

## ७.२ वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (W-WASH-CC)

### ७.२.१ सदस्यहरु तथा भूमिकाहरु

| | |
|---|---|
| अध्यक्ष | वडा अध्यक्ष |
| सदस्य सचिव | वडा सचिव |
| सम्पर्क व्यक्ति | निर्वाचित महिला सदस्यहरु मध्येबाट १ जना छनौट गर्ने । |
| सदस्यहरु | सबै निर्वाचित वडा सदस्यहरु,<br>स्वास्थ्य चौकी,<br>प्रतिनिधि, सबै वडा स्तरिय सरकारी कार्यालय<br>प्रतिनिधि, गैर सरकारी वा समुदायमा आधारित संस्था<br>प्रतिनिधि, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समिति<br>प्रतिनिधि, वन उपभोक्ता समिति<br>प्रतिनिधि, टोल सुधार समिति<br>प्रतिनिधि, महिला समूह<br>प्रतिनिधि, बाल क्लव<br>प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका/कार्यकर्ता<br>प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति<br>प्रतिनिधि, कलेज व्यवस्थापन समिति<br>प्रतिनिधि, सहकारी संस्थाहरु<br>प्रतिनिधि, सुरक्षा निकाय आदि । |

**भूमिका**

- वडाको खानेपानी तथा सरसफाइको रुपरेखा तयार गरी लेखाजोखा तथा अद्यावधिक गर्ने ।
- विद्यमान व्यवधानहरुलाई न्यूनीकरण गर्न खानेपानी तथा सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।
- सरसफाइ प्रवर्द्धन गर्ने क्रियाकलापहरु सञ्चालन गर्न तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन तथा दीर्घकालिन योजना तयार पार्ने र कार्यान्वयन गर्ने ।
- नियमित अनुगमनका लागि वडास्तरीय अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयलाई प्राविधिक सरसल्लाह र सहयोग उपलब्ध गराउने ।
- कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनका लागि नियमित रुपमा समीक्षा बैठक गर्ने ।
- वडास्तरीय पूर्ण सरसफाइ सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने ।
- उपयुक्तता तथा आवश्यकता अनुसार नौलो एवं सिर्जनशील क्रियाकलापहरु गर्ने ।
- आवश्यक जानकारी तथा अन्य क्रियाकलापको लागि गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गर्ने ।

# ८. कार्य योजना

## ८.१. नयाँ खानेपानी आयोजनाहरु

| वडा | प्राथमिकता/ संकटासन्नताको बर्गीकरण | आयोजना संख्या | लाभान्वित | | कूल लागत (हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | घर | जनसंख्या | | | | | | | |
| १ | | ५ | १२० | ६७० | ६,०३०.०० | – | २,४१२.०० | २,४१२.०० | १,२०६.०० | – | |
| २ | | ५ | २४५ | १२१० | १०,८९०.०० | – | ४,३५६.०० | ४,३५६.०० | २,१७८.०० | – | |
| ३ | | ९ | १६३ | ८५५ | ७,६९५.०० | – | १,७१०.०० | १,७१०.०० | १,७१०.०० | २,५६५.०० | |
| ४ | | ६ | ११० | ६०० | ५,४००.०० | – | १,८००.०० | १,८००.०० | १,८००.०० | – | |
| ५ | | १६ | ३५५ | १९६० | १७,६४०.०० | – | ४,४१०.०० | ४,४१०.०० | ४,४१०.०० | ४,४१०.०० | |
| ६ | | १ | १८ | १०० | ९००.०० | – | – | ९००.०० | – | – | |
| ७ | | ८ | १५५ | ८६० | ७,७४०.०० | – | १,९३५.०० | १,९३५.०० | १,९३५.०० | १,९३५.०० | |
| ८ | | ८ | १२६ | ६५० | ५,८५०.०० | – | १,४६२.५० | १,४६२.५० | १,४६२.५० | १,४६२.५० | |
| | कूल | **५८** | **१२९२** | **६९०५** | **६२,१४५.००** | **०.००** | **१८,०८५.५०** | **१८,९८५.५०** | **१४,७०१.५०** | **१०,३७२.५०** | |

## ८.२. मर्मत गर्नुपर्ने खानेपानी आयोजनाहरु

| वडा | प्राथमिकता/संकटासन्नताको बर्गीकरण | | | | आयोजना संख्या | लाभान्वित | | कूल लागत (हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | | घर | जनसंख्या | | | | | | | |
| १ | ० | १ | १ | ० | २ | १५० | ५०५ | ४५४.५० | ४५४.५० | – | – | – | – | |
| कूल | **०** | **१** | **१** | **०** | **२** | **१५०** | **५०५** | **४५४.५०** | **४५४.५०** | **–** | **–** | **–** | **–** | |

## ८.३. पूनर्स्थापना गर्नुपर्ने खानेपानी आयोजनाहरु

| वडा | प्राथमिकता/संकटासन्नताको बर्गीकरण | | | | आयोजना संख्या | लाभान्वित | | कूल लागत (हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | | घर | जनसंख्या | | | | | | | |
| १ | १ | ० | ० | ० | १ | ६९ | ३१६ | १,४२२.०० | – | १,४२२.०० | – | – | – | |
| २ | १ | १ | २ | २ | ६ | २१८ | ११८० | ५,३१०.०० | ८८५.०० | ८८५.०० | १,७७०.०० | ८८५.०० | ८८५.०० | |
| ३ | ० | ० | १ | ० | १ | २० | १२५ | ५६२.५० | – | – | ५६२.५० | – | – | |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | – | – | – | – | – | – | |
| ५ | ० | ० | ६ | ४ | १० | ६६८ | ३०१२ | १३,५५४.०० | – | २,७१०.८० | ४,०६६.२० | ४,०६६.२० | २,७१०.८० | |
| ६ | १ | २ | २ | ३ | ८ | ४६४ | २३५० | १०,५७५.०० | १,३२१.८८ | २,६४३.७५ | २,६४३.७५ | २,६४३.७५ | १,३२१.८८ | |
| ७ | १ | २ | ३ | ० | ६ | ४९३ | २२३० | १०,०३५.०० | १,६७२.५० | ३,३४५.०० | ३,३४५.०० | १,६७२.५० | – | |
| ८ | ० | १ | १ | ० | २ | १२१ | ८३६ | ३,७६२.०० | – | १,८८१.०० | १,८८१.०० | – | – | |
| कूल | ४ | ६ | १५ | ९ | ३४ | २०५३ | १००४९ | ४५,२२०.५० | ३,८७९.३८ | १२,८८७.५५ | १४,२६८.४५ | ९,२६७.४५ | ४,९१७.६८ | |

## ८.४. पूनःनिर्माण गर्नुपर्ने खानेपानी आयोजनाहरु

| वडा | प्राथमिकता/संकटासन्नताको बर्गीकरण | | | | आयोजना संख्या | लाभान्वित | | कूल लागत (हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | A | B | C | D | | घर | जनसंख्या | | | | | | | |
| १ | ० | ० | ० | ३* | ३ | १६४ | ९८८ | ६,६६९.०० | – | ४,४४६.०० | २,२२३.०० | – | – | |
| २ | ० | ० | ० | ० | ० | ० | ० | – | – | – | – | – | – | |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | – | – | – | – | – | – | |
| ४ | ० | ० | १ | ० | १ | २२ | १२२ | ८२३.५० | – | – | ८२३.५० | – | – | |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | – | – | – | – | – | – | |
| ६ | १ | १ | ० | ० | २ | ११५ | ६७१ | ४,५२९.२५ | – | २,२६४.६३ | २,२६४.६३ | – | – | |
| ७ | १ | ० | ० | ० | १ | २५ | ११४ | ७६९.५० | – | ७६९.५० | – | | – | |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | – | – | – | – | – | – | |
| कूल | २ | १ | १ | ३ | ७ | ३२६ | १८९५ | १२,७९१.२५ | – | ७,४८०.१३ | ५,३११.१३ | – | – | |

## ८.५. बिद्यालयमा खानेपानी आयोजनाहरु

| वडा | बिद्यालय संख्या | बिद्यार्थी संख्या | कूल लागत (हजारमा) | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३२८ | ४९६.८० | ४९६.८० | – | – | – | – |
| २ | १ | १९ | २४८.४० | २४८.४० | – | – | – | – |
| ३ | ३ | ९५ | ७४५.२० | ७४५.२० | – | – | – | – |
| ४ | ० | ० | – | – | – | – | – | – |
| ५ | ४ | ४७५ | ९९३.६० | ९९३.६० | – | – | – | – |
| ६ | १ | १८९ | २४८.४० | २४८.४० | – | – | – | – |
| ७ | २ | ४४ | ४९६.८० | ४९६.८० | – | – | – | – |
| ८ | १ | २१ | २४८.४० | २४८.४० | – | | – | – |
| **कूल** | **१४** | **११७१** | **३,४७७.६०** | **३,४७७.६०** | **–** | **–** | **–** | **–** |

## ८.६. क्षमता अभिबृद्धि योजना

| क्र. सं. | बिबरण | आयोजना संख्या | कूल लागत | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष |
|---|---|---|---|---|---|---|---|---|
| १ | खानेपानी उपभोक्ता समिति तालीम | ६० | १,२००.०० | ६००.०० | ६००.०० | – | – | – |
| २ | खानेपानी सुरक्षा योजनाको तालीम | ६० | १,८००.०० | ५४०.०० | ५४०.०० | ७२०.०० | – | – |
| ३ | मर्मत सम्भार कार्यकर्ताको तालीम | ६० | ९००.०० | ४५०.०० | ४५०.०० | – | – | – |
| ४ | पानीको गुणस्तर जाँच | ६० | ९००.०० | ९००.०० | – | – | – | – |
| ५ | आयोजनाहरुको श्रोत संरक्षण | ६० | ६००.०० | - | ६००.०० | – | – | |
| | **कूल** | **६०** | **५,४००.००** | **२,४९०.००** | **२,१९०.००** | **७२०.००** | **–** | **–** |

## ८.७. खुदिमु (ODF) दीगोपनाको योजना

| सि. न. | क्रियाकलापहरु | अवधि | | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | मुख्य | सहयोगी |
| १ | क्षमता अभिबृद्धि र दक्ष जनशक्तिको विकास/उत्पादन (ट्रिगरर, म्यासन तथा अन्य दक्ष मिस्त्रीको तालिम) | २०७६/७७ | २०७७/७८ | RM-WASH-CC | सहयोगी संस्था |
| २ | सामाजिक परिचालकहरु र ट्रिगररहरुको प्रभावकारी परिचालन | २०७६/७७ | २०८०/८१ | W-WASH-CC<br>RM-WASH-CC | गाउँपालिका<br>सहयोगी संस्था |
| ३ | सूचना, शिक्षा र सञ्चार (IEC) सामग्रीहरुको विकास र वितरण | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका<br>सहयोगी संस्था |
| ४ | क्षमता अभिबृद्धि तथा सरोकारवालाको अभिमुखीकरण/कार्यशाला गोष्ठी | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका<br>सहयोगी संस्था |
| ५ | अनुगमन टोली गठन र प्रभावकारी परिचालन | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका<br>सहयोगी संस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सम्मान र पुरस्कार | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका |
| ७ | अवलोकन भ्रमण | २०७६/७७ | २०७७/७८ | RM-WASH-CC | गाउँपालिका |
| ८ | सरोकारवालाहरुसंग प्रभावकारी समन्वय | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका |

## ८.८. सरसफाइ तथा स्वच्छता योजना

| क्र. सं. | क्रियाकलापहरु | अवधि | | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | मुख्य | सहयोगी |
| १ | गाउँपालिका र वडास्तरीय WASH समन्वय समितिहरुको गठन/पूनर्गठन | २०७६/७७ | २०७६/७७ | W-WASH-CC RM-WASH-CC | गाउँपालिका सहयोगी संस्था |
| २ | आम सञ्चार, महोत्सव, सभा सम्मेलन तथा घर दैलो कार्यक्रम आदि मार्फत जनचेतनामूलक क्रियाकलाप सञ्चालन | २०७६/७७ | २०८०/८१ | W-WASH-CC RM-WASH-CC | गाउँपालिका सहयोगी संस्था |
| ३ | स्थानीय परिवेश र भाषा अनुरुप सूचना, शिक्षा र सञ्चार (IEC) सामग्रीहरुको विकास र वितरण | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका सहयोगी संस्था |
| ४ | क्षमता अभिबृद्धि तथा दक्ष जनशक्तिको विकास/उत्पादन (ट्रिगरर, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका आदि दक्ष जनशक्तिको तालिम) | २०७६/७७ | २०७७/७८ | RM-WASH-CC | सहयोगी संस्था |
| ५ | संस्थागत तथा सार्वजनिक चर्पीहरुको नियमित मर्मत संभार र स्तरोन्नती | २०७६/७७ | २०८०/८१ | W-WASH-CC RM-WASH-CC | गाउँपालिका |
| ६ | छ वटा अत्यावश्यक अवस्थामा साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता आनीबानीमा परिवर्तन र प्रवर्द्धन | २०७६/७७ | २०८०/८१ | W-WASH-CC RM-WASH-CC | सहयोगी संस्था |
| ७ | फोहोर पानीको व्यवस्थापन, खाद्य स्वच्छता, पानी शुद्धिकरण तथा 3R (Reduce, Re-use, Re-cycle) सम्बन्धी प्रशिक्षण तथा अभिमुखीकरण | २०७६/७७ | २०७७/७८ | RM-WASH-CC | सहयोगी संस्था |
| ८ | गाउँपालिकाको समग्र फोहरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण | २०७६/७७ | २०७८/७९ | गाउँपालिका | RM-WASH-CC |
| ९ | अनुगमन टोली गठन र प्रभावकारी परिचालन | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका सहयोगी संस्था |
| १० | पुरस्कार तथा सजायँको प्रभावकारी कार्यान्वयन | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका |
| ११ | अवलोकन भ्रमण | २०७६/७७ | २०७७/७८ | RM-WASH-CC | गाउँपालिका |
| १२ | सरोकारवालाहरुसंग प्रभावकारी समन्वय | २०७६/७७ | २०८०/८१ | RM-WASH-CC | गाउँपालिका |

## ९. कार्यक्रम र बजेट

| सि.न. | क्रियाकलाप | ईकाइ | परिमाण | अनुमानित लागत रकम (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वच्छ खानेपानीको पहुँच नभएको समुदायमा नयाँ खानेपानी आयोजनाको निर्माण[१] | गोटा | ५८ | ६२,१४५.०० | |
| २ | खानेपानी आयोजनाहरुको सामान्य मर्मत[२] | गोटा | ० | ०.०० | |
| ३ | खानेपानी योजनाहरुको ठूलो खाले मर्मत[३] | गोटा | २ | ४५४.५० | |
| ४ | खानेपानी आयोजनाहरुको पूनर्स्थापना[४] | गोटा | ३५ | ४५,२२०.५० | |
| ५ | खानेपानी आयोजनाहरुको पूनर्निर्माण[५] | गोटा | ७ | १२,७९१.२५ | |
| ६ | खानेपानीको सुबिधा नभएको बिद्यालयमा खानेपानी आयोजनाको निर्माण[६] | गोटा | १ | ३,४७७.६० | |
| ७ | क्षमता अभिबृद्धि कार्यक्रम | | | | |
| ७.१ | खानेपानी उपभोक्ता समितिको तालीम | गोटा | ६० | १,२००.०० | |
| ७.२ | खानेपानी सुरक्षा योजनाको तालीम | गोटा | ६० | १,८००.०० | |
| ७.३ | मर्मत सम्भार कार्यकर्ताको तालीम | गोटा | ६० | ९००.०० | |
| ७.४ | पानीको गुणस्तर अनुगमन र जाँच | गोटा | ६० | ९००.०० | |
| ७.५ | खानेपानी आयोजनाहरुको श्रोत संरक्षण | गोटा | ६० | ६००.०० | |
| ८ | पूर्ण सरसफाइ कार्यक्रम (खुदिमु दीगोपना र सरसफाइ तथा स्वच्छता योजना सहित) | वडा | ८ | ५,६००.०० | |
| | **कुल** | | | **१३५,०८८.८५** | |

[१] प्रतिब्यक्ति लागत रु. ९०००.०० दरले नयाँ खानेपानी तथा सरसफाइ आयोजनाको लागत निर्धारण गरिएको छ ।

[२] सामान्य मर्मतको लागि प्रति नयाँ खानेपानी आयोजनाको कूल लागतको ५% रकमलाई आधार मानेर निर्धारण गरिएको छ ।

[३] ठूलो खाले मर्मतको लागि प्रति नयाँ खानेपानी आयोजनाको कूल लागतको १०% रकमलाई आधार मानेर निर्धारण गरिएको छ ।

[४] पूनर्स्थापनाको लागि प्रति नयाँ खानेपानी आयोजनाको कूल लागतको ५०% रकमलाई आधार मानेर निर्धारण गरिएको छ ।

[५] पून:निर्माणको लागि प्रति नयाँ खानेपानी आयोजनाको कूल लागतको ७५% रकमलाई आधार मानेर निर्धारण गरिएको छ ।

[६] बिद्यालय खानेपानीको लागि प्रति नयाँ खानेपानी आयोजनाको कूल लागतको १०% रकमलाई आधार मानेर निर्धारण गरिएको छ ।

## १०. पञ्चबर्षिय बार्षिक बजेट

| सि.न. | क्रियाकलाप | अनुमानित लागत रकम (हजारमा) | बार्षिक अनुमानित बजेट (हजारमा) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो बर्ष २०७६/७७ | दोश्रो बर्ष २०७७/७८ | तेश्रो बर्ष २०७८/७९ | चैथो बर्ष २०७९/८० | पाँचौं बर्ष २०८०/८१ | |
| १ | स्वच्छ खानेपानीको पहुँच नभएको समुदायमा नयाँ खानेपानी आयोजनाको निर्माण | ६२,१४५.०० | – | १८,०८५.५० | १८,९८५.५० | १४,७०१.५० | १०,३७२.५० | |
| २ | खानेपानी आयोजनाहरुको सामान्य मर्मत | ०.०० | – | – | – | – | – | |
| ३ | खानेपानी आयोजनाहरुको ठूलो खाले मर्मत | ४५४.५० | ४५४.५० | – | – | – | – | |
| ४ | खानेपानी आयोजनाहरुको पूनःर्स्थापना | ४५,२२०.५० | ३,८७९.३८ | १२,८८७.५५ | १४,२६८.४५ | ९,२६७.४५ | ४,९१७.६८ | |
| ५ | खानेपानी आयोजनाहरुको पूनर्निर्माण | १२,७९१.२५ | – | ७,४८०.१३ | ५,३११.१३ | – | – | |
| ६ | खानेपानीको सुबिधा नभएको बिद्यालयमा खानेपानी आयोजनाको निर्माण | ३,४७७.६० | ३,४७७.६० | – | – | – | – | |
| ७ | क्षमता अभिबृद्धि कार्यक्रम | ०.०० | – | – | – | – | – | |
| ७.१ | खानेपानी उपभोक्ता समितिको तालीम | १,२००.०० | ६००.०० | ६००.०० | – | – | – | |
| ७.२ | खानेपानी सुरक्षा योजनाको तालीम | १,८००.०० | ५४०.०० | ५४०.०० | ७२०.०० | – | – | |
| ७.३ | मर्मत सम्भार कार्यकर्ताको तालीम | ९००.०० | ४५०.०० | ४५०.०० | – | – | – | |
| ७.४ | पानीको गुणस्तर अनुगमन र जाँच | ९००.०० | ९००.०० | | – | – | – | |
| ७.५ | खानेपानी आयोजनाहरुको श्रोत संरक्षण | ६००.०० | - | ६००.०० | – | – | | |
| ८ | पूर्ण सरसफाइ कार्यक्रम (खुदिमु दीगोपना र सरसफाइ तथा स्वच्छता योजना सहित) | ५,६००.०० | १,१२०.०० | १,१२०.०० | १,१२०.०० | १,१२०.०० | १,१२०.०० | |
| | **कुल** | **१३५,०८८.८५** | **११,४२१.४८** | **४१,७६३.१८** | **४०,४०५.०८** | **२५,०८८.९५** | **१६,४१०.१८** | |

# ११. गुरुयोजना अनुमोदन, कार्यान्वयन, अनुगमन र अद्यावधिक

## ११.१. गुरुयोजनाको अनुमोदन र पैरबी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारहरु अनुसार खानेपानी योजनाको तर्जुमा, कार्यान्वयन, नियमन, महसुल निर्धारण गर्ने आदि रहेका छन् । यस अनुसार स्थानीय निकायहरु खानेपानी र सरसफाइ सेवाका लागि पूर्ण रुपमा उत्तरदायी छन् । यस गुरुयोजना गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको समग्र विकासको निम्ति एक महत्वपूर्ण दस्तावेज हो । यस गुरुयोजनाको स्वामित्व, कार्यान्वयन तथा अनुगमनका लागि सम्बन्धित गाउँपालिकाको जिम्मेवारी पनि हो । यसैको आधारमा प्राथमिकताक्रम अनुसार गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिन्छ । गाउँपालिकाले कम्तिमा एक पटक बार्षिक रुपमा पनि समीक्षा गोष्ठी सञ्चालन गर्नु बाञ्छनीय देखिन्छ जसले गर्दा गुरुयोजनाको प्रचार प्रसार समेत भई यसको प्रभावकारिताको बारेमा सरोकारवालाहरुलाई जानकारी अध्यावधिक हुन जान्छ र गुरुयोजनालाई आधार मानेर सरोकारवाला संघसंस्थाहरुले वार्षिक कार्यक्रम तय गर्न सक्नेछन् । साथै, कार्यक्रम कार्यान्वयनको सिलसिलामा देखिएका कमीकमजोरीहरु सुधार गर्न अवसर समेत प्राप्त हुन्छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन क्रममा स्थानीय तहको क्रियाकलापहरुको माध्यमबाट गरिब, सामाजिक रुपमा पिछडिएका, सीमान्तकृत समुदाय, विद्यालयहरु, समुदायमा आधारित संस्थाहरु जस्तैः बन उपभोक्ता समितिहरु, खानेपानी उपभोक्ता समितिहरु, आमा/महिला समूहहरु, स्थानीय क्लबहरु आदिको परिचालनबाट व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्छ । समुदायस्तरमा तालिम प्राप्त अगुवाहरुले मौजुदा स्थानीय तहका क्लब र समूहलाई घरधुरी तहमा सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानमा परिचालन गर्नेछन् ।

साथै, स्थानीय सामाजिक–साँस्कृतिक परिवेश, प्रविधि, कार्यक्रम पद्धति, दीगोपनाको विश्लेषण, खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा महिला सहभागिता, आय–आर्जनका गतिविधि, युवा र महिला सहभागिता, बाल मृत्यूदर र पानीजन्य रोगव्याधिको अवस्था, प्रकोप व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव, जनसहभागिता र समावेशीकरण, संस्थागत व्यवस्था आदिको सम्बन्धमा मूल्यांकन र प्रभाव अध्ययन गरी पुरस्कार र सम्मान दिने व्यवस्था पनि गर्न सकिन्छ र आमसंचारको माध्यम र सरसफाइ सम्बन्धी उत्कृष्ट लेख/रचनाहरु मार्फत गुरुयोजनाको बजारीकरण र पैरवी गर्न सकिन्छ ।

गुरुयोजनाको तर्जुमा पश्चात कार्यान्वयनको सिलसिलामा आवश्यकता अनुसार केन्द्र, प्रदेश र स्थानीय तहको क्षेत्रगत सरोकारवालाहरुसंग प्रभावकारी समन्वय गरेर समेत यसको ब्यापक प्रचार प्रसार, बजारीकरण र पैरवी गर्न सकिन्छ ।

## ११.२. गुरुयोजनाको कार्यान्वयन

खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनालाई कार्यान्वयन गर्ने गराउने प्रमुख जिम्मेवारी गाउँपालिका र गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (RM-WASH-CC) को हुन्छ । गाउँपालिका स्वयं र गाउँपालिकाभित्र काम गर्ने सबै संघ–संस्थाहरुले यही गुरुयोजनाको प्राथमिकता अनुसार कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

स्थानीय गाउँपालिका क्षेत्रभित्र भएका सम्पुर्ण श्रोत साधनहरुको पहिचान, योजना तर्जुमा एबं श्रोत साधन जुटाइ सोको कार्यान्वयन गर्ने गराउने एक आधिकारिक निकाय सम्वन्धित गाउँपालिका नै हो । यस गुरुयोजनाको आधारमा कार्यक्रम/क्रियाकलापहरुको प्राथमिकीकरण, आर्थिक श्रोतको व्यबस्थापन,

कार्यान्वयन, अनुगमन र मूल्याँकन गर्नु समेत गाउँपालिकाको जिम्मेवारी हो । गाउँपालिका आफै समेत गुरुयोजनाको तयारीमा प्रत्यक्ष संलग्न भएको र यसको कार्यान्वयनबाट गाउँपालिका नै लाभान्वित हुने हुँदा यसको अत्यन्त महत्व छ ।

गुरुयोजनाको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले केन्द्र, प्रदेश र स्थानीय तहको सरकारी तथा गैर सरकारी संघ संस्थाहरु लगायत सम्पूर्ण सरोकारवाला निकायहरुसंग प्रभावकारी समन्वय गरी प्राथमिकिकीकरणको आधारमा तर्जुमा गरिएका आयोजनाहरुको सफल कार्यान्वयनको साथै बित्तिय श्रोत ब्यवस्थापन र परिचालन सहज बातावरण तयार गर्नु पर्दछ । गुरुयोजनाको प्रभावकारी कार्यान्वयन एवं परिचालनको लागि गाउँपालिका एबं स्थानीय राजनैतिक दलहरुको समेत सहयोगमा श्रोत साधन जुटाउनको लागि हरेक तहमा पैरवी र प्रचार प्रसार गर्नु पर्ने हुन्छ ।

## ११.३. गुरुयोजनाको अनुगमन

खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनाको तयारी पञ्चवर्षिय योजनाको रुपमा निर्माण गरी उक्त योजनाहरुलाई संकटासन्नता र कठिनताको बिश्लेषणको आधारमा प्राथमिकिकरण गरेर प्रत्येक बर्षको  योजनाहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने गरिन्छ । गाउँपालिका र खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले योजनाहरु प्राथमिकिकरण अनुसार कार्यान्वयन भए नभएको बेला बेलामा अनुगमन गर्न पर्ने हुन्छ ।

यस अनुगमन प्रक्रियामा योजनाहरुको प्राथमिकताक्रमको अनुसरण भए नभएको, खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति तथा स्थानिय राजनैतिक दलहरुको सक्रियता एबं प्रतिबद्धताको सुनिश्चिता बेला-बेलामा गरिनु पर्दछ । गुरुयोजना तयार भएपछि समय समयमा गाउँपालिका स्तरमा गुरुयोजनाको बारेमा समीक्षा गरी सो गुरुयोजनामा तर्जुमा गरिएका क्रियाकलापहरुको कार्यान्वययनको अवस्थाको अनुगमन गरी जानकारी लिने प्रणालीको विकास गर्नु पर्दछ । वर्षभरि गाउँपालिकामा गुरुयोजनाको कार्यान्वयनको सन्दर्भमा भए गरेका अनुगमनको आधारमा तयार पारिएको प्रतिवेदनलाई गाउँ परिषदमा समेत प्रस्तुत गरी समीक्षा गर्नु पर्दछ । यस प्रकारको अभ्यास र प्रणालीले खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको प्रभावकारी कार्यान्वयन भए नभएको सन्दर्भमा समीक्षा हुनुको साथै भावी कार्यदिशाको लागि मार्ग निर्देश गर्दछ । अनुगमन र समीक्षाबाट कार्यक्रम कार्यान्वयनको सिलसिलामा देखिएका कमी कमजोरीहरु पनि सच्याउने अवसर समेत प्राप्त हुन्छ ।

## ११.४. गुरुयोजनाको समीक्षा र अद्यावधिक

गाउँपालिकामा बिद्यमान संकटासन्नता र कठिनताको बिश्लेषणको आधारमा खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनामा योजनाहरुको प्राथमिकिकरण गरिन्छ । गुरुयोजनाको पहिलो वर्षमा सञ्चालन हुन सक्ने र गर्न सम्भव भएका योजनाहरुलाई सोही अनुसार कार्ययोजना बनाई र अन्य योजनाहरुलाई पञ्चवर्षिय कार्ययोजना बनाई प्राथमिकिकरण गरी गुरुयोजना तयार गरिएको हुन्छ । यसको आधारमा कार्यक्रमहरु कार्यान्वयन गर्दै जाँदा समय सापेक्ष गुरुयोजना कार्यान्वयन स्थितिको समीक्षा गरी अद्यावधिक गर्नु पर्ने जरुरी हुन्छ । यस गुरुयोजना आधारभूत तथ्याँक र एकिकृत जलश्रोत विकासको आवधिक (पञ्च बर्षिय) प्राथमिकृत योजना तर्जुमाको दस्तावेज भएको हुनाले आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ । यसको अद्यावधिकबाट गाउँपालिकालाई खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यक्रमको लागि चाहिने बित्तिय श्रोतको अनुमान र तर्जुमा गर्न सहज हुन्छ । गाउँपालिकाले योजनाहरुको कार्यान्वयनको अवस्था समीक्षा गर्दै पाँच वर्षपछि पुनः गुरुयोजनालाई अध्यावधिक गर्नु पर्दछ । यसको लागि सरोकारवाला निकायहरुबाट पनि आवश्यक सरसल्लाह र मार्ग निर्देशन प्राप्त गर्नु बाञ्छनीय नै हुन्छ ।

# १२. चुनौती र अवसर

गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता गुरुयोजनाको तयारी र यसले निर्दिष्ट गरेका लक्ष्यहरु प्राप्तिका लागि आवश्यक आर्थिक तथा मानबीय श्रोतहरुको परिचालन मार्फत कार्यान्वयनको सिलसिलामा बिभिन्न खालका चुनौतीहरुको साथै अवसरहरु पनि यस गाउँपालिकामा बिद्यमान रहेका छन् । शिवपुरी गाउँपालिकाको सन्दर्भमा ती चुनौतीहरु र अवसरहरुलाई तपसिल बमोजिम लिपिबद्ध गर्न सकिन्छ :

**चुनौतीहरुः**

- अधिकांश खानेपानी उपभोक्ता समितिहरु निस्क्रिय र उदासिन हुनु, उपभोक्ता समितिहरुको संस्थागत बिकास र व्यबस्थापकीय दक्षता/सीप बिकासको लागि क्षमता अभिबृद्धि कार्यक्रमको कमी हुनु ।
- गाउँपालिकामा बिद्यमान खानेपानी आयोजनाहरु अधिकांश मर्मत सम्भारको अभाबमा सुचारु रुपमा सञ्चालन नहुनु, मर्मत संभार कोषको यथोचित व्यवस्था नहुनु, दक्ष मर्मत सम्भार कार्यकर्ताको अभाव, पानी महशुल संकलन लगायत अन्य आर्थिक लेखापालन र व्यबस्थापनको अभाव हुनु ।
- भूकम्प तथा जलवायु परिवर्तनका कारण खानेपानी आयोजनाहरुको मूहानहरुमा पानीको मात्रामा कमी हुनु, कतिपय स्थानहरुमा खानेपानी मुलको विवाद कायम रहेको अवस्था ।
- गरिब, पिछडिएका बर्ग, संकटासन्न र जोखिमयुक्त समुदायको खानेपानी, सरसफाइ र स्वच्छताको मूल प्रवाहबाट बाहिर परेको कारण समता, स्वामित्व र सहभागितामा कठिनाई ।
- भूकम्पको कारण अधिकांश चर्पी समेत क्षति भएको, भूकम्प पछिको आवास निर्माणमा भएको ढिलाइले पक्की शौचालय निर्माणमा कम प्राथमिकता हुनु, चर्पी निर्माणमा बाह्य सहयोगको अपेक्षा, सार्वजनिक स्थलमा चर्पीको अभाव ।
- बढ्दो शहरीकरणसंगै शहर उन्मुख क्षेत्रहरुमा ठोस तथा लेदोजन्य फोहोरको संकलन र बिसर्जन लगायत फोहोर व्यवस्थापनको लागि गाउँपालिकास्तरमा उपयुक्त डम्पिङ्ग साइटको अभाव, साथै उचित ढल व्यवस्थापनको अभाब ।
- गाउँपालिकाको बिकट स्थानहरुमा जनचेतनाको अभावमा सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानीमा अझै यथोचित सुधारको कमी हुनु ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु आवश्यक रुपमा सक्रियताको अभाव ।
- खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा लगानी र कार्यक्रम सञ्चालन पद्धतिमा सरोकारवालाहरुको बीचमा एकरुपता र समन्वयको अभाव ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको लागि यथेष्ट मात्रामा गाउँपालिकासंग बजेटको साथै दक्ष जनशक्तिहरुको अभाव हुनु ।
- अनुगमन प्रणालीको संस्थागत संयन्त्रको अभाव ।

**अवसरहरुः**

- संघीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिहरु निर्वाचित भई स्थानीय सरकारको गठन हुनु, निर्वाचित जनप्रतिनिधिहरु बिकास निर्माण तथा समुदायको दैनिक आवश्यकता लगायत खानेपानी, सरसफाइ र स्वच्छताको कार्यक्रमप्रति प्राथमिकता सहित सकारात्मक हुनु ।

- खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी गतिविधिलाई गाउँपालिकास्तरमा प्राविधिक शाखा अन्तर्गत समायोजन गरी संस्थागत प्रणालीको व्यवस्थापनको शुरुवात । गाउँपालिका स्तरवाट खानेपानी सुविधाको विस्तार र मर्मतको गतिविधि क्रमशः सञ्चालनमा रहेको ।
- गाउँपालिका खुला दिसामुक्त घोषणा भई सकेको अवस्था, स्वच्छ खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानीहरुको महत्व र आवश्यकताप्रति समुदायहरुको जनचेतनामा अभिबृद्धि हुनु र आनीबानीहरुमा सकारात्मक परिवर्तन हुनु ।
- खानेपानी आयोजनाहरुको दीगोपनामा उपभोक्ता समितिहरु तथा समुदायहरुको सचेतना अभिबृद्धि हुँदै पूनः खानेपानी आयोजनाहरुको सुचारु रुपमा सञ्चालन गर्न सक्रिय हुने अवस्था ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु गाउँपालिकाको पूनःसंरचना अनुसार वडास्तरमा र गाउँपालिकास्तरमा पूनर्गठन भई सक्रिय हुनु ।
- गाउँपालिका र खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्वमा सम्पूर्ण सरोकारवालाहरु उचित संयन्त्र र समन्वयका साथ लगानी र कार्यक्रम सञ्चालनमा एकरुपता सहित सहकार्य गर्ने अवस्था ।
- निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरु लगायत सिंगो गाउँपालिका नै खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाप्रति सकारात्मक हुनु र यसको सफल कार्यान्वयन गरी निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्न प्रतिबद्ध हुनु ।
- प्रदेश सरकार सहित सिंगो गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमलाई प्राथमिकताका साथ आवश्यक बजेटको व्यवस्था गर्न सकारात्मक ।
- गाउँपालिकामा स्थानीय श्रोत साधनको प्रचुरता र आम सञ्चारको माध्यमको सहज पहुँच र सक्रियता ।

# १३. निश्कर्ष र आगामी कदम

शिवपुरी गाउँपालिकाको लागि तयार गरिएको यस गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना निर्दिष्ट गरिएका लक्ष्यहरु प्राप्तिका लागि एक साधन मात्रै हो । यस गुरुयोजनाले नेपाल सरकार, क्षेत्रगत विकास योजना र दिगो विकास लक्ष्यमा आधारित भई निर्धारित समय सीमाभित्र यस गाउँपालिकाको सम्पूर्ण जनताहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको पहुँच र बिस्तारमा टेवा पुग्न सहयोगी हुनेछ । यसको लागि तपसिलमा उल्लेखित क्रियाकलापहरुमा थप ध्यान दिन आवश्यक देखिन्छ :

- खानेपानी उपभोक्ता समितिको संस्थागत विकास अन्तर्गत आवश्यकता अनुसार खानेपानी उपभोक्ता समितिको पूनर्गठन, नियमानुसार दर्ता, नियमित नबिकरण, छुट्टै खाताको व्यवस्था, हिसाव कितावको लेखा व्यवस्थापन, नियमित लेखापरिक्षण, नियमित बैठक, कार्यालय व्यवस्थापन आदिमा बिशेष प्राथमिकता दिईनेछ ।
- बिद्यमान खानेपानी योजनाहरुको दीगोपनाको लागि स्थानीय आवश्यकता अनुसार बिशेष व्यवस्था गरिनेछ । पानी महशुल संकलन लगायत मर्मत सम्भार कोषको व्यवस्थापन, मर्मत सम्भार कार्यकर्ताको नियुक्ती, तालिम र पारिश्रमिकको व्यवस्था, मर्मत संभारको लागि यथेष्ट जगेडा औजार र फिटिङ्गसको व्यवस्था गरिनेछ ।
- आर्थिक तथा प्रशासनिक लगायत सम्पूर्ण बिषय र निर्णय प्रक्रियाहरुमा अधिकतम पारदर्शिता र लैंगिक र समाबेशिताको आधारमा सबै सरोकारवालाहरुको सक्रिय सहभागिताको सुनिश्चितता गरिनेछ ।
- जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न र सामान्य अवस्थामै पनि थोरै पानी भए पुग्ने खालका प्रविधिहरुको तथा स्थानीय रुपमा सुहाउँदा कम लागतका उपयुक्त प्रविधिगत विकल्पहरु अपनाउन समेत जोड दिइनेछ ।
- सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा आवश्यकता र प्राथमिकता अनुसार नयाँ खानेपानी आयोजना निर्माण तथा मर्मत सम्भार तथा पूर्नस्थापना/पूनर्निर्माण मार्फत आधारभूत स्तरको स्वच्छ खानेपानीको सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- खानेपानी आयोजनाको दीगोपना तथा पानीको स्वच्छता र गुणस्तरको सुनिश्चितताको लागि गाउँपालिकामा निर्मित सम्पूर्ण खानेपानी आयोजनाहरुमा पानी सुरक्षा योजना वनाई क्रमशः लागू गरिनेछ ।
- सामाजिक समाबेशीकरणको सुनिश्चितताको लागि खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा अवसरबाट बञ्चित समूह–भूमिहीन, बिपन्न, सुकुम्वासी तथा दुर्गम भौगोलिक क्षेत्रमा रहेका उपभोक्ताहरुलाई बिशेष प्राथमिकता दिईनेछ ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेदनशिलतालाई आत्मसाथ गरिनेछ । महिला सहभागितालाई कार्यक्रम संचालनको शुरुदेखि सम्पूर्ण चरणहरुमा सुनिश्चित गरिनेछ । खानेपानी तथा सरसफाइ सम्बन्धी सबै कार्यक्रमको लागि समितिहरुमा मुख्य पदसहित (सम्भव भएसम्म कोषाध्यक्ष) महिलाहरुको कम्तिमा ३३ प्रतिशत सहभागितालाई सुनिश्चित गरिनेछ ।
- खानेपानी तथा सरसफाइका संरचनाहरु निर्माण गर्दा बाल, लैंगिक, अपाङ्गता र वृद्ध-मैत्री संरचनाहरुको निर्माणमा बिशेष जोड दिइनेछ ।

- सबै संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा लैंगिक र अपांगमैत्री चर्पीहरुको निर्माण गरी सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिनेछ ।
- महिलाहरुको महिनावारीलाई प्राकृतिक प्रकृयाका रुपमा लिंदै घरायसी, विद्यालय तथा संस्थागत निकायमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य सामग्रीहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिनेछ । समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक चर्पीहरुमा स्यानीटरी प्याड वा अन्य सामग्रीहरुको सफाइ एवं विसर्जन गर्ने उचित व्यवस्था समेत गरिनेछ ।
- सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी बानी व्यवहारमा परिवर्तन ल्याउन विद्यालय सरसफाइ कार्यक्रम, विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम, समुदायको अगुवाइमा पूर्ण सरसफाइ, समुदायको अगुवाईमा वानी व्यहोरा परिवर्तन अभियानलाई निरन्तरता दिईनेछ ।
- घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तैः खाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खानुपरेमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने, फलफूल तथा काँचै खाने खाद्यान्न राम्ररी धोएर खाने आदि स्वच्छ बानी व्यवहारको प्रबर्द्धन गरिनेछ ।
- समुदाय परिचालन, आम सञ्चार, सूचना, शिक्षा, सञ्चार सामग्रीहरु मार्फत घर, टोल र संस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबुन पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता प्रवर्द्धन सम्बन्धी ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्न घरायसी तथा संस्थागत तहमा पानी शुद्धीकरण बिधिहरु (फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य) को प्रवर्द्धन गरिनेछ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको उत्पादनको लागि बिबिध सीपमुलक तालीमहरु मार्फत गाउँपालिकाभित्रै व्यवस्थापन गरिनेछ ।
- आपतकालीन खानेपानी तथा सरसफाई कार्यका लागि आपतकालीन खानेपानी, सरसफाइ तथा स्वच्छता कोषको स्थापना गरिनेछ । आपतकालीन अवस्थाका लागि कम्तिमा २५ प्रतिशत घर परिवारका लागि आवश्यक पर्ने सक्ने क्लोरिन, जीवनजल तथा झाडापखाला नियन्त्रणका लागि आवश्यक पर्ने औषधी भण्डारणको ब्यवस्था गरिनेछ । साथै प्रत्येक वडा कार्यालयमा पानी परीक्षण कीटको पनि व्यवस्था गरिनेछ ।

## १४. अनुसूची

### अनुसूची १. नयाँ निर्माण गर्नुपर्ने खानेपानी तथा सरसफाइ आयोजनाहरुको सूची

| S.N. | Ward No | Name of Proposed Scheme | Type of Proposed Scheme | Name of village | Vulnerability grade | Beneficiary | | Name of Proposed Source | Type of Source | Discharge (Lit/Sec) | Tentative Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | HH | Pop | | | | | |
| 1 | 1 | Baichari | Gravity | Bich Tole | C | 35 | 180 | Baichari | Spring | 0.6 | 1,620,000.00 | |
| 2 | 1 | Thangkune Khola Muhaan | Gravity | Dahakal Dadabtaikote | D | 30 | 200 | Thangkune Khola Muhaan | Spring | 2.5 | 1,800,000.00 | |
| 3 | 1 | Thulosim Muhaan | Gravity | Batase Talakhu | D | 20 | 100 | Thulosim Muhaan | Spring | 5 | 900,000.00 | |
| 4 | 1 | Batase | Gravity | Batase Tole | B | 15 | 80 | Batase | Spring | 0.3 | 720,000.00 | |
| 5 | 1 | Rachali Muhaan | Gravity | Chisapani | D | 20 | 110 | Rachali Muhaan | Spring | 0.6 | 990,000.00 | |
| 6 | 2 | Jing Khola | Gravity | Karlung Tole | D | 55 | 305 | Ling Khola | Spring | 1.5 | 2,745,000.00 | |
| 7 | 2 | Chitra Jom Sitar Khola | Gravity | Mandedada | C | 60 | 300 | Chitra Jom Sitar Khola | Stream | 1.5 | 2,700,000.00 | |
| 8 | 2 | Fushra khola | Gravity | Fushra | D | 80 | 350 | Fushra khola | Stream | 5 | 3,150,000.00 | |
| 9 | 2 | Parkhola | Gravity | Pargau | D | 15 | 85 | Parkhola | Stream | 4 | 765,000.00 | |
| 10 | 2 | Thulo Muhaan | Gravity | Newar Tamang Tole | D | 35 | 170 | Thulo muhan | Spring | 0.4 | 1,530,000.00 | |
| 11 | 3 | Sundhara Muhaan | Gravity | Bhandari Tole | C | 20 | 120 | Sundhara Muhaan | Spring | 0.3 | 1,080,000.00 | |
| 12 | 3 | Damaidanda Muhaan | Gravity | Damaidada | C | 17 | 80 | Damaidanda Muhaan | Spring | 0.1 | 720,000.00 | |
| 13 | 3 | Ghatya Khola | Gravity | Nayagaaun | B | 20 | 100 | Ghatya Khola | River | 0.7 | 900,000.00 | |
| 14 | 3 | Thadekhola/ Ghatekhola | Gravity | Kaule Siraan Gaaun | C | 19 | 80 | Thadekhola/ Ghatekhola | Stream | 1.5 | 720,000.00 | |
| 15 | 3 | Jukepaani Kholsa | Gravity | Khatiwada Tole | C | 17 | 100 | Jukepaani Kholsa | Stream | 1 | 900,000.00 | |

| S.N. | Ward No | Name of Proposed Scheme | Type of Proposed Scheme | Name of village | Vulnerability grade | Beneficiary | | Name of Proposed Source | Type of Source | Discharge (Lit/Sec) | Tentative Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | HH | Pop | | | | | |
| 16 | 3 | Salle Muhaan | Gravity | Majhitole | D | 20 | 110 | Salle Muhaan | Spring | 1 | 990,000.00 | |
| 17 | 3 | Thadokhola | Gravity | Majhuwa | C | 15 | 75 | Thadokhola | Stream | 2 | 675,000.00 | |
| 18 | 3 | Ghatya Khola Muhaan | Gravity | Bhirkharkra | B | 16 | 90 | Ghatya Khola Muhaan | River | 0.5 | 810,000.00 | |
| 19 | 3 | Thadokhola muhan | Gravity | Kaule | C | 19 | 100 | Thadokhola muhan | Stream | 2 | 900,000.00 | |
| 20 | 4 | Siurini Muhan | Gravity | Siurini Tole | C | 17 | 70 | Siurini Muhan | Spring | 0.3 | 630,000.00 | |
| 21 | 4 | Banjhagri | Gravity | Newaribari Tole | D | 16 | 120 | Banjhagri | Spring | 0.3 | 1,080,000.00 | |
| 22 | 4 | Bhalu kholo | Gravity | Thapa Dada Khet Tole | C | 30 | 180 | Bhalu kholo | Spring | 0.4 | 1,620,000.00 | |
| 23 | 4 | Simpakha WSS | Gravity | Lapse Tole | D | 17 | 60 | Simpakha | Spring | 0.2 | 540,000.00 | |
| 24 | 4 | Mahabir/Chiuribir | Gravity | Sikre Deurali | D | 15 | 80 | Mahabir/ Chiuribir | Spring | 3 | 720,000.00 | |
| 25 | 4 | Karkale Simi | Gravity | Thingtol | D | 15 | 90 | Karkale Simi | Spring | 10 | 810,000.00 | |
| 26 | 5 | Jugay Pani Kholcha | Gravity | Bith Tole | C | 20 | 130 | Jugay Pani Kholcha | Spring | 0.3 | 1,170,000.00 | |
| 27 | 5 | Ramay Kholcho Muhaan | Gravity | Ramay Kholcho Muhan | D | 25 | 160 | Ramay Kholcho Muhaan | Spring | 0.3 | 1,440,000.00 | |
| 28 | 5 | Ghatya Khola Muhaan | Gravity | Trikhole Khadka Muhan | C | 30 | 150 | Ghatya Khola Muhaan | Spring | 0.5 | 1,350,000.00 | |
| 29 | 5 | Bhirmuni Muhan | Gravity | Puchar tole | D | 18 | 100 | Bhirmuni Muhan | Spring | 0.4 | 900,000.00 | |
| 30 | 5 | Batase Kholcha | Gravity | Birta Tole | C | 12 | 65 | Batase Kholcha | Spring | 0.4 | 585,000.00 | |
| 31 | 5 | Gare khola | Gravity | Batase Daada | C | 13 | 80 | Gare khola | Spring | 0.3 | 720,000.00 | |
| 32 | 5 | Ghang Puchar Kholcha | Gravity | Jabrang | C | 19 | 80 | Ghang Puchar Kholcha | Spring | 0.2 | 720,000.00 | |
| 33 | 5 | Dupcha Muhan | Gravity | Saulay Sajine Tole | D | 25 | 150 | Dupcha Muhan | Spring | 0.3 | 1,350,000.00 | |

| S.N. | Ward No | Name of Proposed Scheme | Type of Proposed Scheme | Name of village | Vulnerability grade | Beneficiary | | Name of Proposed Source | Type of Source | Discharge (Lit/Sec) | Tentative Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | HH | Pop | | | | | |
| 34 | 5 | Tara Khola | Gravity | Gairi Tole | D | 55 | 300 | Tara Khola | Spring | 0.3 | 2,700,000.00 | |
| 35 | 5 | Dhad Khola Tallo | Gravity | Mulabari | D | 12 | 55 | Dhad Khola Tallo | Spring | 0.3 | 495,000.00 | |
| 36 | 5 | Dhad Khola | Gravity | Sunwar Newar Tole | B | 14 | 80 | Dhad Khola | Spring | 0.2 | 720,000.00 | |
| 37 | 5 | Youtish Ghari | Gravity | Mal Newar Tole | D | 35 | 200 | Youtish Ghari | Spring | 0.4 | 1,800,000.00 | |
| 38 | 5 | Tindhara | Gravity | Majhagau | D | 24 | 120 | Tindhara | Ground | 4.7 | 1,080,000.00 | |
| 39 | 5 | Muktan Khet Sim | Gravity | Chhate Negi Tole | D | 19 | 100 | Muktan Khet Sim | Spring | 5 | 900,000.00 | |
| 40 | 5 | Serabagar Khola | Gravity | Serabagar | C | 18 | 90 | Serabagar Khola | Spring | 0.1 | 810,000.00 | |
| 41 | 5 | Besi Khola | Gravity | Besi Tole | D | 16 | 100 | Besi Khola | Ground | 0.1 | 900,000.00 | |
| 42 | 5 | Damaidaado Muhaan | Gravity | Nainedado Chalise | D | 17 | 90 | Damaidaado Muhaan | Spring | 0.3 | 810,000.00 | |
| 43 | 6 | Chautara Kholsi | Gravity | Mathillo Baskote | C | 18 | 100 | Chautara Kholsi | Spring | 0.2 | 900,000.00 | |
| 44 | 7 | Dharapani Khapa | Gravity | Santang Ghumti Gairi Tole | C | 29 | 150 | Dharapani Khapa | Spring | 5 | 1,350,000.00 | |
| 45 | 7 | Borekhola | Gravity | Shivamandir Bangeshala | D | 27 | 150 | Borekhola | Spring | 1 | 1,350,000.00 | |
| 46 | 7 | Padhera Kholsa | Gravity | Damai Kami Tole | D | 14 | 85 | Padhera Kholsa | Spring | 4 | 765,000.00 | |
| 47 | 7 | Patle Kholsa Muhan | Gravity | Gerugaau Puchaar Tole | D | 15 | 90 | Patle Kholsa Muhan | Spring | 3 | 810,000.00 | |
| 48 | 7 | Katunje Kholsa | Gravity | Chapa Salla Bot | D | 18 | 90 | Katunje Kholsa | Spring | 2.5 | 810,000.00 | |
| 49 | 7 | Kumbeshower Mahabhir | Gravity | Kotthok Pande Tole | D | 27 | 150 | Kumbeshower Mahabhir | Spring | 3 | 1,350,000.00 | |
| 50 | 7 | Mulpaan Muhaan | Gravity | Bitlab | C | 15 | 90 | Mulpaan Muhaan | Spring | 0.15 | 810,000.00 | |

| S.N. | Ward No | Name of Proposed Scheme | Type of Proposed Scheme | Name of village | Vulnerability grade | Beneficiary | | Name of Proposed Source | Type of Source | Discharge (Lit/Sec) | Tentative Cost | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | HH | Pop | | | | | |
| | | | | Nayabasti Simpani | | | | | | | | |
| 51 | 7 | Aujure Khet Kuna | Gravity | Budisera | C | 10 | 55 | Aujure Khet Kuna | Spring | 0.15 | 495,000.00 | |
| 52 | 8 | Kurkure Muhaan | Gravity | Ghaiya Khet | D | 18 | 90 | Kurkure Muhaan | Spring | 3 | 810,000.00 | |
| 53 | 8 | Kaidale Kholsa Muhaan | Gravity | Dhodini Tallo | C | 16 | 85 | Kichile Kholsa Muhaan | Spring | 0.3 | 765,000.00 | |
| 54 | 8 | Gairighare Mul | Gravity | Kamitole Gahatey Gairighare | C | 15 | 75 | Gairighare Mul | Spring | 0.2 | 675,000.00 | |
| 55 | 8 | Dasmure Gahiro Muhan | Gravity | Dasmure Tole | C | 14 | 70 | Dasmure Gahiro Muhan | Ground | 0.2 | 630,000.00 | |
| 56 | 8 | Ghatte Khola Chaudila Kaphaldada | Gravity | Krishna Mandir Khaniyachaur | D | 14 | 75 | Chaudila Kaphaldada | Spring | 0.2 | 675,000.00 | |
| 57 | 8 | Kole Puchar Muhaan | Gravity | Sattari | C | 18 | 90 | Kole Puchar Muhaan | Spring | 0.1 | 810,000.00 | |
| 58 | 8 | Kaminigadeko Kholsa Muhan | Gravity | Kaphal Daada | C | 14 | 75 | Kaminigadeko Kholsa Muhan | Spring | 0.2 | 675,000.00 | |
| | | | | | | **1292** | **6905** | | | | **62,145,000.00** | |

## अनुसूची २. विद्यमान खानेपानी तथा सरसफाइ आयोजनाहरुको सूची

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functional | Partial functional | Non-functional | A | B | C | D | | | |
| 1 | 1 | Jukuri Khanepani | Jaymire piple dada | jukuti khola | spring | 1 | 90 | 301 | Major | — | yes | — | — | — | √ | — | 270.90 | LOCAL | Complete |
| 2 | 1 | Majhuwa Kholsa | Digam, bralsan khola | Majuwa kholcha, Majuwa kholsa | stream, stream | 1, 0.5 | 49 | 251 | — | yes | — | — | — | — | √ | — | — | LOCAL | Complete |
| 3* | 1 | Chisapani | ghansaura | ghansaura | spring | 0.5 | 75 | 395 | Recons | — | — | yes | — | — | — | √ | 2,666.25 | DWSS | Ongoing |
| 4 | 1 | Dandakharka Thamkune | dada khadka | wongman khola | spring | 1 | 69 | 316 | Rehab | — | Yes | — | √ | — | — | — | 1,422.00 | VDC | Complete |
| 5 | 1 | Mahabhir | maha bhir | dhong khola, Dong khola 1, maha bhir | spring, stream, spring | 0.01, 0.50, 0.40 | 60 | 204 | Major | — | Yes | — | — | √ | — | — | 183.60 | DWSS | Complete |
| 6 | 1 | Khalche | tagau khola, bisau tol | tagau khola,bhu mithan | spring, spring | 0.2, 0.2 | 22 | 162 | — | yes | — | — | — | — | — | √ | — | VDC | Complete |
| 7* | 1 | Chhange | chhange | chhange | spring | 0.3 | 30 | 150 | Recons | — | — | yes | — | — | — | √ | 1,012.50 | DWSS | Ongoing |
| 8 | 1 | Ghangsing dhara | dhangpra | ghangsin dhara | underground | 2 | 45 | 384 | — | yes | — | — | — | — | √ | — | — | LOCAL | Complete |
| 9* | 1 | Jaluke mahabhir | Jaluke mahabhir, laps syantang tole, pakha ghar, | jaluke mahabhir, ghatte kuna mul, | stream, spring, stream, spring, | 4, 0.3, 0.4, 3, 0.5 | 59 | 443 | Recons | — | — | yes | — | — | — | √ | 2,990.25 | DWSS | Ongoing |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functional | Partial functional | Non-functional | A | B | C | D | | | |
| | | | chakpan, bhume devi | shimghaira, kitro muhan, dhak kholsa | spring | | | | | | | | | | | | | | |
| 10 | 1 | Misur Khola | Talakhu | misur khola | stream | 0.8 | 38 | 234 | Rehab | — | yes | — | — | — | — | √ | 1,053.00 | DWSS | Complete |
| 11 | 2 | Pentekhola | tamang gode | pente khola 1, pente khola2 | spring, spring | 0.6, 0.2 | 45 | 199 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 12 | 2 | Narsingh Danda | mailtim tole, archupa | narkanta, archaule muhan#3 | Spring, spring | 0.2, 0.2 | 20 | 143 | Rehab | — | yes | — | √ | — | — | — | 643.50 | DWSS | Complete |
| 13 | 2 | Laplong Khola | loo tole | laplong khola | spring | 0.4 | 25 | 130 | Rehab | — | yes | — | — | — | √ | — | 585.00 | LOCAL | Complete |
| 14 | 2 | Kaule | rani dharo khlacho | thangsang khola | stream | 1 | 43 | 243 | Rehab | — | yes | — | — | — | — | √ | 1,093.50 | OTHERS | Complete |
| 15 | 2 | Khalche Tame Muhan | khalchay muhan | khalchay muhan | spring | 0.3 | 22 | 112 | Rehab | — | yes | — | — | — | √ | — | 504.00 | DWSS | Complete |
| 16 | 2 | Chagau Khalche Muhan | chagau khalche | bolde khola | spring | 0.4 | 70 | 318 | Rehab | — | yes | — | — | √ | — | — | 1,431.00 | VDC | Complete |
| 17 | 3 | Maidan | bhandari gau, rhan khola | thado khola, tham khola, mankalakuri, feedh than khola | stream, spring, spring, sptring | 0.3, 0.2, 0.2, 0.4 | 108 | 481 | — | yes | — | — | — | — | √ | — | — | DWSS | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functional | Partial functional | Non-functional | A | B | C | D | | | |
| 18 | 3 | Maidan Lakhin | laying learning | lakhin learning, laking learning | spring, sprimg | 0.2, 0.3 | 49 | 231 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 19 | 3 | Gopra Khola | gopra khola | gopra khola | spring | 0.7 | 23 | 126 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 20 | 3 | Machha | mocha khola | mocha khola | spring | 0.9 | 42 | 209 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 21 | 3 | Salle Maidan | guresa tole,bohore khola | gope gurase khola, dovan khola muhan | spring, stream | 1, 3 | 20 | 125 | Rehab | — | yes | — | — | — | √ | — | 562.50 | DWSS | Complete |
| 22 | 4 | Purni Dobhan Muhan | purni bhanjyang | purni bhanjyang | spring | 0.7 | 22 | 122 | Recons | — | — | yes | — | — | √ | — | 823.50 | DWSS | Ongoing |
| 23 | 4 | Malaya ko Chhanga Muhan | malayako chhang | malayako chhang | spring | 0.6 | 30 | 150 | — | yes | — | — | — | — | √ | — | — | DWSS | Complete |
| 24 | 4 | Ghhate kulo Dhara Muhan | parmany mule,thulo khola muhan | parmany mule, thulo khola muhan | spring | 0.3, 0.3 | 62 | 277 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 25 | 4 | Pipal Dhara Muhan | mul dhara danda tole | mul dhara, danda tole sim muhan | spring | 0.2, 0.2 | 50 | 317 | — | yes | — | — | — | √ | — | — | — | DWSS | Complete |
| 26 | 5 | Sim Pakha Muhan A | jurthump muhansim pakha | jurrhump, sim pakaha | spring, spring | 0.4, 0.2 | 203 | 893 | Rehab | — | yes | — | — | — | √ | — | 4,018.50 | DWSS | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functi onal | Partial functio nal | Non-functi onal | A | B | C | D | | | |
| 27 | 5 | Birta Tole | gare khola | birta tole, gare khola | spring, spring | 0.30, 0.20 | 26 | 113 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 28 | 5 | Joor Chilaune | joor chilaune muhan | joor chilaune | spring | 0.4 | 35 | 165 | Rehab | — | yes | — | — | — | √ | — | 742.50 | DWSS | Complete |
| 29 | 5 | Chhawang Chhawang Muhan | Chang Chang muhaan | Chang chang | spring | 0.6 | 31 | 133 | Rehab | — | yes | — | — | — | — | √ | 598.50 | DWSS | Complete |
| 30 | 5 | Urline Swoora | urline swoora | gogan khola, urline swoora | spring, spring | 0.40, 0.20 | 60 | 304 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 31 | 5 | Dui Khola Dobhan | jujay kholichidhad khola,sim pakha | jugay kholcha, dhad khola, aap chaur | spring, spring, spring | 0.4, 0.2, 0.6 | 51 | 226 | Rehab | — | — | yes | — | — | √ | — | 1,017.00 | DWSS | Complete |
| 32 | 5 | Kalleri Khanipani | kaule | jujay kholichi | spring | 0.3 | 49 | 205 | Rehab | — | yes | — | — | — | — | √ | 922.50 | DWSS | Ongoing |
| 33 | 5 | Jebrang Khanipani | majuwa khola | majuwa khola, pakhura bhir | spring, spring | 0.40, 0.30 | 52 | 218 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 34 | 5 | Mathilo Ghang | chorahop | Chorahoop | spring | 0.3 | 40 | 201 | — | yes | — | — | — | — | — | √ | — | DWSS | Complete |
| 35 | 5 | Sisne Gaire | sisnay gairay sim | sisnay gairay sim | spring | 0.3 | 31 | 127 | Rehab | — | yes | — | — | — | √ | — | 571.50 | DWSS | Complete |
| 36 | 5 | Karki Danda | paday sim | paday sim | spring | 0.3 | 26 | 111 | Rehab | — | yes | — | — | — | — | √ | 499.50 | DWSS | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functi onal | Partial functio nal | Non-functi onal | A | B | C | D | | | |
| 37 | 5 | Gadaa Kholsa | gadaa kholcha | gadaa kholcha | spring | 0.3 | 42 | 209 | Rehab | — | — | yes | — | — | √ | — | 940.50 | DWSS | Complete |
| 38 | 5 | Tilkhure Lamechhour | lamechhour muhan | tilkhure lamechhour | spring | 3 | 49 | 205 | Rehab | — | yes | — | — | — | √ | — | 922.50 | DWSS | Ongoing |
| 39 | 5 | Gare Khola B | Gare khola B | garay khola, pahare khola, tallo chisa pani, devi than kholsa, nepanay muhan | all spring | 0.4, 0.3, 0.4, 0.2, 0.7 | 151 | 738 | Rehab | — | yes | — | — | — | — | √ | 3,321.00 | DWSS | Complete |
| 40 | 6 | Thulokhola | Tallo Gurje | Thulo Kholcha mul | spring | 0.2 | 28 | 116 | Rehab | — | yes | — | — | √ | — | — | 522.00 | DWSS | Complete |
| 41 | 6 | Kalikadevu | gurje, purano gau basti, gayun danda, fedi gaun | kalikadevi, sano kancha myuhan, purano gau muhan, gyang danda, banger rumto | ground water, spring, spring, spring, sppring | 0.2, 0.3, 0.3, 0.25, 0.1 | 46 | 256 | Rehab | — | yes | — | √ | — | — | — | 1,152.00 | LOCAL | Complete |
| 42 | 6 | Banskote | mathilo Banskote, tuni khola | Banskote A muhan, tuni khola | spring, spring | 0.33, 0.3 | 38 | 226 | Rehab | — | yes | — | — | √ | — | — | 1,017.00 | LOCAL | Complete |
| 43 | 6 | Patimuhan | pathi mul | pathimul | spring | 1.2 | 90 | 499 | Rehab | — | yes | — | — | — | √ | — | 2,245.50 | DWSS | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functional | Partial functional | Non-functional | A | B | C | D | | | |
| 44 | 6 | Pathakthok | Thapa tolerani dharo, khatri tole | Pandhero Gairi muhan, rani dhara kholsa, khatri kholsa | spring, spring, spring | 0.13, 0.1, 0.1 | 43 | 254 | — | yes | — | — | — | — | √ | — | — | OTHERS | Complete |
| 45 | 6 | Samundra (A) | Dandathok Majagaun Lamatole newatole Thingtole | Samudra A | spring | 1 | 143 | 640 | Recons | | yes | — | — | √ | — | — | 4,320.00 | DWSS | Complete |
| 46 | 6 | Samundra (B) | Chate Tole,aaisalu jyang,sanokholcha,sisnu jhyan,thapa gau | Samudra B (Chate Tole), padero gairi, sisni jyang, sano kholcha, aaisalu jyang | spring, spring, spring, spring | 0.35, 0.2, 0.5, 0.5, 0.2 | 77 | 421 | Recons | — | — | yes | √ | — | — | — | 2,841.75 | DWSS | Complete |
| 47 | 6 | Gadikhola sarjan ghatta | Moharthok | Gadikhola Sarjan Ghatta muhan | spring | 0.25 | 34 | 147 | Rehab | — | yes | — | — | — | — | √ | 661.50 | DWSS | Ongoing |
| 48 | 6 | Taisewa Sim Muhan A | talakhu bijaya | Taisewa SIM muhan | spring | 1.5 | 33 | 267 | Rehab | — | yes | — | — | — | √ | — | 1,201.50 | DWSS | Complete |
| 49 | 6 | Bakhati tole | Sano muhan, moharthok, bas bhanjyang, sano kholcha | Sano muhan, sano kholcha, bas bhanjyang | spring, spring, spring | 0.2, 0.2, 0.3 | 38 | 250 | Rehab | — | — | yes | — | — | — | √ | 1,125.00 | LOCAL | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functional | Partial functional | Non-functional | A | B | C | D | | | |
| 50 | 6 | Arkhaule 2 | aagari kholcha | aagari kholcha | spring | 0.6 | 52 | 199 | Rehab | — | yes | — | — | — | — | √ | 895.50 | DWSS | Ongoing |
| 51 | 7 | Panta Thok | Pantha tol | Ghampe Gurje | Spring | 0.5 | 120 | 351 | Rehab | — | yes | — | — | √ | — | — | 1,579.50 | NA | Complete |
| 52 | 7 | Swara tol | Swaratol | Gurje Muhan | Spring | 0.4 | 85 | 197 | Rehab | — | yes | — | — | √ | — | — | 886.50 | DWSS | Complete |
| 53 | 7 | Aale dada | Aalegau | Gaurung Kholsa | Spring | 0.2 | 71 | 234 | Rehab | — | yes | — | √ | — | — | — | 1,053.00 | DWSS | Complete |
| 54 | 7 | Kumal thok | kumal gau | Ghampe khola | spring | 0.2 | 95 | 731 | Rehab | — | yes | — | — | — | √ | — | 3,289.50 | DWSS | Complete |
| 55 | 7 | Bitlab | bohorea tol,narsingh tole,pandey gau,tallo kot gau | Bohore Khola, dhumisdhara mul, sirisha, thosne khola | stream, stream, spring, spring, spring | 0.4, 0.3, 0.4, 0.5, 0.3 | 87 | 527 | Rehab | — | yes | — | — | — | √ | — | 2,371.50 | DWSS | Complete |
| 56 | 7 | Thana Bhanjang | Thana Bhanjyang | Patlekhosa | spring | 0.3 | 25 | 114 | Recons | — | — | yes | √ | — | — | — | 769.50 | DWSS | Complete |
| 57 | 7 | Ghigati | Ghigati gau | Sannathade Muhan | spring | 0.4 | 35 | 190 | Rehab | — | yes | — | — | — | √ | — | 855.00 | LOCAL | Ongoing |
| 58 | 7 | Dumre Pakha | Dumre,thana bhanjyang | Bore Khola, patle kholasa | spring, spring | 0.2, 0.2 | 36 | 217 | — | yes | — | — | — | √ | — | — | — | LOCAL | Complete |
| 59 | 8 | Sano Chhahare handigaun | sisna ghari, chahare, thulo dhara, kurkuray gairo | Sano chhahare muhan, lamkhutta muhan koiralle muhan, goppe | spring, spring, spring, spring, spring | 0.3, 0.2, 0.3, 0.5, 0.3 | 33 | 246 | Rehab | — | yes | — | — | — | √ | — | 1,107.00 | LOCAL | Complete |

| S. N. | Ward No | Name of Scheme | Name of village | Name of source | Type of source | Yield (L/S) | Beneficiary | | Status | Current Functional Status of scheme | | | Vulnerability | | | | Tentative cost (In '000) | Financial Support | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | HH | Pop | | Fully functi onal | Partial functio nal | Non-functi onal | A | B | C | D | | | |
| | | | | muhan, kurkuray gairo | | | | | | | | | | | | | | | |
| 60 | 8 | Gare Khola P | gare khola, adhikari tole | batase bari khola, adhikari muhan | spring, spring, spring | 1, 0.4, 0.2 | 88 | 590 | Rehab | — | yes | — | — | √ | — | — | 2,655.00 | DWSS | Complete |
| 61 | 8 | nuiro khola | kharibhanjyang | nuiro khola | steam | 0.8 | 80 | 420 | Rehab | — | yes | — | — | — | √ | — | 1,890.00 | RWSSFDB | Complete |